# किरात राई यायोक्खा हङकङ

११औं अधिवेशन (२७ जुन २०२१)

सुप्तुलुङखीम

## आर्थिक प्रतिवेदन - २०२१

## सांगाठानिक प्रतिवेदन - २०२१

## विधान - १९९८ (संसोधन मस्यौदा) - २०२१

**किरात राई यायोख्खा,कार्यसमिति २०१८-२०२१ हङकङ।**

अध्यक्ष- हरिचन्द्र राई
प्रथम उपाध्यक्ष- चन्द्रका(माया)राई
महासचिव- बज्र कुमार राई
सचिव- गजेन्द्र राई
सह-सचिव- पविता पुमा राई
कोषाध्यक्ष- गंगाराम राई
सह-कोषाध्यक्ष- कमल राई
सदस्य- रामचन्द्र राई
सदस्य- जजिन चाम्लिङ
सदस्य- विष्णु राई
सदस्य- मणीराज राई
सदस्य- पवित्रा राई
सदस्य- राजु राई
सदस्य- दिपेन्द्र राई

**विधान संसोधन मस्यौदा समितिः**

1. अध्यक्ष, किराया हङकङ - हरिचन्द्र राई
2. मुल संयोजक, प्रज्ञा प्रतिष्ठान, कुलपति - शशि मदन राई
3. संरक्षक, किराया हङकङ - हेजेन राई
4. संरक्षक, किराया हङकङ - किसन राई
5. प्रमुख सल्लाहकार, किराया हङकङ - रजिन राई
6. सल्लाहकार, किराया हङकङ - बसन्त कुमारी राई
7. सल्लाहकार, किराया हङकङ - पिताम्वर राई
8. सल्लाहकार, किराया हङकङ - धिराज साम्पाङ
9. सल्लाहकार, किराया हङकङ - तिलक वालाहाङ राई
10. उपाध्यक्ष, किराया हङकङ - चन्द्रका राई
11. महासचिव, किराया हङकङ - बज्र कुमार राई
12. सचिव, किराया हङकङ - गजेन्द्र राई
13. कोषाध्यक्ष, किराया हङकङ - गंगा राम राई
14. अध्यक्ष, किरात राई चाम्लिङ खाम्बातिम - कल्पना चाम्लिङ
15. अध्यक्ष, दुमि किरात राई फन्सिकिम - कमल दुमी
16. अध्यक्ष, साम्पाङ राई जुम्लेखा - तेज साम्पाङ
17. अध्यक्ष, किरात राई बान्तावा खिम - दुर्गाकान्त बान्तावा
18. अध्यक्ष, पुमा तुप्खाबाङखाला - पेन्गुईन पुमा
19. अध्यक्ष, किरात थुलुङ सामा - राम ली थुलुङ
20. अध्यक्ष, सोदेल कोयु/कोयी किम - प्रकाश कोयी
21. अध्यक्ष, बाहिङ मुलुखिम - लोखराज बायुङ

**Kirat Rai Association Hong Kong Limited**

**INCOME & EXPENDITURE STATEMENT**
**1/4/20 -26/6/21**

| Particulars | 1-Apr-2020 to 26-Jun-2021 | | Particulars | 1-Apr-2020 to 26-Jun-2021 | |
|---|---|---|---|---|---|
| **Cultural, Religious & Social Activities Exp.** | | **23,327** | **Cultural, Religious & Social Activities Inc.** | | **31,135** |
| *Arts & Literature Exp.* | | | *Arts & Literature Inc.* | | |
| *Chula Expenses* | *14,260* | | *Chula Income* | *18,990* | |
| *Chula Puja (Ubhauli) Exp.* | *2,686* | | *Chula Puja (Ubhauli) Inc.* | *6,050* | |
| *Chula Puja (Udhauli) Exp.* | *2,650* | | *Chula Puja (Udhauli) Inc.* | *1,750* | |
| *Condolence Exp.* | *3,731* | | *Condolence Inc.* | *1,000* | |
| *Convention/AGM Exp.* | | | *Convention/AGM Inc.* | | |
| *Deuse Exp.* | | | *Deuse Inc.* | | |
| *Donation & Help Exp.* | | | *Donation & Help Inc.* | | |
| *Handover & Installation Exp.* | | | *Handover Installation Inc.* | | |
| *Language & Script Exp.* | | | *Language & Script Inc.* | | |
| *Meeting & Party Exp.* | | | *Meeting & Party Inc.* | | |
| *Publication (Other) Exp.* | | | *Publication (Other) Inc.* | | |
| *Sakela (Ubhauli) Exp.* | | | *Sakela (Ubhauli) Inc.* | | |
| *Sakela (Udhauli) Exp.* | | | *Sakela (Udhauli) Inc.* | | |
| *Saune Sakrati Exp.* | | | *Saune Sakrati Inc.* | | |
| *Sports & Games Exp.* | | | *Sports & Games Inc.* | | |
| *Training & Workshop Exp.* | | | *Training & Workshop Inc.* | | |
| *Yalambar Nite Exp.* | | | *Yalambar Nite Inc.* | | |
| *Yalambar Smarika Exp.* | | | *Yalambar Smarika Inc.* | | |
| *Yeledung Exp.* | | | *Yeledung Inc.* | | |
| *_Purchase Exp.* | | | *_Sales Inc.* | *3,345* | |
| **Operating Expenses** | | **47,730** | **Other Income** | | **222,428** |
| *Accounting Fee Exp* | | | Donation From Members | *222,248* | |
| *Advertisement & Greetings Exp.* | *500* | | *Bank Interest* | | |
| *Auditors' Remuneration* | *12,000* | | *Interest Received* | | |
| *Bank Charge Exp.* | | | *Sundry Income* | *180* | |
| *Depreciation Exp.* | | | | | |
| *Penalty* | | | | | |
| *Printing & Stationary Exp.* | | | | | |
| *Rent Exp.* | | | | | |
| *Repair & Maintenance* | *11,500* | | | | |
| *Secretarial Fee Exp.* | | | | | |
| *Sundry Expenses* | | | | | |
| *Travelling Exp.* | *333* | | | | |
| *Utility Electricity Exp.* | *1,451* | | | | |
| *Utility Gas Exp.* | | | | | |
| *Utility Water Exp.* | *3,946* | | | | |
| *Wages Exp.* | *18,000* | | | | |
| *Website Exp.* | | | | | |
| ***Nett Profit*** | | ***182,506*** | | | |
| **Total** | | **253,563** | **Total** | | **253,563** |

**Kirat Rai Association Hong Kong Limited**

**BALANCE SHEET**
**1/4/20 – 26/6/21**

| **Liabilities** | as at 26-Jun-2021 | | **Assets** | as at 26-Jun-2021 | |
|---|---|---|---|---|---|
| **Retained Surplus** | | **2,269,132** | **Fixed Asset** | | **2,369,173** |
| *Retained Surplus* | *2,269,132* | | Property, Plant & Equipment's | *2,369,173* | |
| **Loans (Liabilities)** | | | **Current Assets** | | **217,173** |
| **Current Liabilities** | | **133,257** | *Closing Stock* | | |
| Other Payables | *126,757* | | Other Receivable | *106,089* | |
| *Accruals* | *6,500* | | Cash & Bank Balance | *111,084* | |
| **Branch / Divisions** | | | | | |
| *Adjustment* | | | | | |
| **Profit & Loss** | | **183,957** | | | |
| *Opening Balance* | *1,451* | | | | |
| *Current Period* | *182,506* | | | | |
| **Total** | | **2,586,347** | **Total** | | **2,586,347** |

**Kirat Rai Association Hong Kong Limited**

**Assets**

| | | |
|---|---|---|
| 1 | Television | 4 |
| 2 | Kase Plates | 46 |
| 3 | Kase Botuko | 46 |
| 4 | Kase Lota | 5 |
| 5 | Jhyamta | 9 |
| 6 | Dhol | 5 |
| 7 | Tama Gagro | 2 |
| 8 | Foshi & Bata | 1 |
| 9 | Refrigerators | 2 |
| 10 | Sound box | 2 |
| 11 | Chairs | 46 |
| 12 | Fans | 2 |
| 13 | Air Conditions | 4 |
| 14 | Fire Extinguisher | 1 |
| 15 | Gas Cylinder | 7 |
| 16 | Chepte Gahana Kan ma lgaune | 5 |
| 17 | Nak ko Dhungri | 6 |
| 18 | Bulaki | 5 |
| 19 | Sir ma laune Jun | 5 |
| 20 | Sir ma laune Ful | 5 |
| 21 | Pot & Jantar | 2 |

**Treasurer**

**Ganga Ram Sampang Rai**

**किरात राई यायोख्खा हङकङको सांगाठानिक प्रतिवेदन २०२१.**

११औं अधिवेशन,२७ जून २०२१.
यलम्बर सभाहल, सुप्तुलुङखीम कि लुन चुन।

सभाध्यक्ष महोदय,कार्यसमितिका पदाधिकारीज्यूहरु, सल्लाहकारज्यूहरु,सम्मानित संरक्षकज्यूहरु,संस्थापकज्यूहरु, प्रज्ञा प्रतिष्ठानका कूलपति तथा प्राज्ञिक सदस्यज्यूहरु,आजीवन सदस्यज्यूहरु,भाषिक संस्थाका प्रमुख तथा पदाधिकारीज्यूहरु,पूर्वाध्यक्ष तथा पदाधिकारीज्यूहरु,मान्यवर अग्रज एवं समस्त किरात राई दाजुभाई तथा दिदी बहिनीहरुलाई प्रथमतः यो हाम्रो सुप्तुलुङखीमको यलम्बर सभाहलमा हार्दिक स्वागत गर्दै सेवा टक्रयाउँदछु। सेवा!
यसैसाथ हामी किरात राईहरुको गौरवशाली संस्था(किराया)को सचिवको हैसियतले यो समितिको ३ बर्षीय कार्यकालको सांगठानिक प्रतिवेदन अक्षरशः प्रस्तुत गर्ने अनुमति चाहन्छु।भोलिका कार्यसमिति,योजनाकार,लेखक, इतिहासकार,अध्येता,अध्ययन जिज्ञासु आदिलाई यस संस्थाले एक कार्यकालमा गरेका कामहरुको एकमुष्ट जानकारी होस् भन्ने हेतुले पूर्ण कार्यकालकै प्रतिवेदन प्रस्तुत गर्न गई रहेको छु।प्रतिवेदन केहि लामो लाग्न सक्छ।कृपया धर्य भएर सुनी-बुझी दिनुहुन विनम्र अनुरोध गर्दछु।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु!
नेपालका आदिवासी किरात राईहरुले यो विकसित र कर्मशीलभूमि हङकङमा केहि अधिकारसहित बसोबासको अनुमति पाएसँगै प्रवेशको संख्यात्मक इकाई चुलिएको अवस्थामा किरात राईहरुको संस्थागत एकताको महसुस गरी हाम्रो जातीय पहिचानप्रेमी, दूरदर्शीसाथै नेतृत्वदायी केहि अग्रजहरुले सन १९९८ जनवरी २८ मा यो संस्था(किरात राई यायोख्खा हङकङ)को स्थापना गर्नु भएको गर्विलो इतिहाससँगै यो संस्था प्रगतिपथको उकालो चढी नै रहेको छ।यसै क्रमको आज दुईदशक नजिकको यात्रा पार गर्न लाग्दासम्म यो संस्थाप्रति सदैव उत्तरदायी भूमिका निर्वाह गर्ने अग्रज-मान्यवर तथा सम्बद्ध सबैलाई स-सम्मान स्मरण गर्दछौं।आज हामी किरात राईहरु यहाँ हुनुको आधारस्तम्भ हाम्रा पिता-पुर्खाहरुलाई पनि शीर झुकाएर स्मरण गर्दछौं।

आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु!
मुख्यत: किरात राईहरुको भाषा,भेषभुषा, मौलिक धर्म,संस्कार,संस्कृति,खानपान,परम्परा,रीतिरिवाज आदिको संरक्षण-संबर्द्धन, प्रबर्द्धन र किरात राई एकताका खातिर यो संस्था स्थापना गरिएको हो। विधानत: उद्धेश्यमा उल्लेखित मूलभूत विषयका केन्द्रमा रहेर पुस्ता हस्तान्तरणको संस्थागत प्रक्रियाको आज अर्को बिशेष मितिमा हामी उपस्थित भएका छौं। हुनत: आजभन्दा तीन महिना अगाडि नै यो कार्य समितिको म्याद सकिएको थियो।तथापि विश्वमैं फैलिएको मानव ज्यानमारा अदृष्य भाइरस कोभिड-१९ को कारण यहाँको सरकारले सामाजिक दुरीमा रहनु पर्नेसहितको अरु थुप्रै नीति-नियमहरु लागु गर्यो।तत्पश्चात यस संस्थाका संरक्षक,सल्लाहकार,सम्बद्ध भाषिक संस्था र प्राज्ञ प्रतिष्ठानसहितको बैठकले २५ मार्च २०१८ मा १०औं अधिवेशनबाट चयन भई ३ बर्षे कार्यकाल समाप्त भएको यस कार्य समितिलाई विधानत: बिशेष परिस्थितिमा समय थप्न सकिने व्यवस्था अनुरुप अरु तीन महिनाको कार्यभार सुम्पियो।आज त्यो थपिएको म्याद पनि समाप्त भएको छ।र,हामी ११औं अधिवेशनको यलम्बर हलमा छौं।अर्थात आज हामी नयाँ नेतृत्व चयन गर्दैछौं।

आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु!
यो समितिको कार्यकालमा धेरै गारोसारो परिस्थिति,बाधा-अडचनहरु आए/गए।त्यसका वावजुद संस्थाको बार्षिक योजनामा उल्लेखित कति काम/कारवाही सम्पन्न गर्न सकियो? कति सकिएन? यी तमाम बिषय र सन्दर्भहरुलाई बुँदागत रुपमा स्पष्ट पार्न चाहन्छु।

**(१) सांगाठानिक संरचना निर्माण अन्तर्गत नियुक्ति र कार्य विभाजन:**

- भाषिक संस्था (पदेन उपाध्यक्ष) बाहेक १५ सदस्यीय कार्यकारी समिति चयन भए लगतै ०१ अप्रिल २०१८ को दिन सुप्तुङखीममा बसेको पहिलो बैठक र सोहि महिनाको १५ तारिखमा सम्पन्न पदास्थापन, बुझबुझारथ तथा विदाई कार्यक्रमले विभिन्न विभागीय प्रमुख,संयोजक,सल्लाहकार परिषद,प्रज्ञा प्रतिष्ठानको कुलपति,कुविमी,सहायक कुविमी आदिको नियुक्ति गर्यो।जसानुसार निवर्तमान अध्यक्ष प्रमुख सल्लाहकार रहने व्यवस्था अनुसार रजीन राई प्रमुख सल्लाहकार,कुलपतिमा दोस्रो कार्यकालकालागि शशिमदन राई, कुविमी र सहायक कूवीमीमा क्रमशः श्रेष्ठ बहादुर राई र नारायण राईलाई नियुक्त गर्यो।भाषिक संस्थाले सिफारिस गरेको व्यक्ति कुविमी राखिने व्यवस्था अनुसार किरात राई वान्तवाखीमबाट मैत्र कुमार राई राई थुलुङ सामाबाट अदीप थुलुङ राईलाई नियुक्त गरियो।आजसम्म उहाँहरुबाटै किरायाले जन्मदेखि मृत्युसम्मका कार्यहरु सम्पन्न गर्दै आएको छ।
- यसबाहेक १०औं अधिवेशनबाट पारित विधानले प्रत्यायोजन गरेको परिक्षेद ३ को धारा १३ अनुसार भुपू. किराया हङकङका अध्यक्षहरु संरक्षक परिषदमा रहने व्यवस्था अनुरुप निम्न अनुसार संरक्षक परिषद गठन गरिएको थियो।

  (क).प्रमुख संरक्षक -शशिमदन राई
  (ख) संरक्षक सदस्य -किसन राई
  (ग) संरक्षक सदस्य -नरहाङ राई
  (घ) संरक्षक सदस्य -हेजेन राई
  (ङ) संरक्षक सदस्य -भगवान चाम्लीङ राई रहनु भएको छ।

- यसैगरी विधानमा उल्लेख भए अनुसार बौद्धिक परिषदको हैसियतमा किरात राई प्रज्ञा प्रतिष्ठानले निम्न उल्लेखित पदाधिकारी सिफारिस गरे पश्चात किरायाले अनुमोदन गरेको छ।

  कुलपति - शशि मदन राई
  उपकुलपति - किसन राई
  महासचिव - किन्दर राई
  महाप्रबन्धक - धिराज कुमार राई
  प्रज्ञा सदस्य - बसन्त राई
  प्रज्ञा सदस्य - नरजीत राई
  प्रज्ञा सदस्य - दीपा एवाई राई
  प्रज्ञा सदस्य - प्रदीप किरवा
  प्रज्ञा सदस्य - रिगम राई
  प्रज्ञा सदस्य - दिपेन्द्र राई
  प्रज्ञा सदस्य - निरज राई
  प्रज्ञा सदस्य कूवीमी - नारायण प्रसाद राई
  प्रज्ञा सदस्य कूवीमी - मैत्र कुमार राई।

  यसरी किरायाले वौद्धिक परिषदको आवश्यकतालाई पनि पुरा गरेको छ।

  यस अलवा किरायामा १५ वटा विभागहरु रहेका छन्।

(क) संगठन विस्तार तथा समन्वय विभाग।
(ख) सुप्तुलुङखीम निर्माण तथा मर्मत विभाग।
(ग) खेलकुद,साहित्य तथा संगीत विभाग।
(घ) कार्यालय संचालन तथा प्रचार-प्रसार विभाग।
(ङ) मौलिक संकलन तथा सरसजावट विभाग
(च) सम्पति तथा कोष अभिवृद्धि विभाग।
(छ) सुम्रिमा भान्सा तथा खानपान विभाग
(ज) सिक्रिमा बितरण तथा सेवासत्कार विभाग
(झ) बाल, महिला, प्रौढ तथा अतिथि विभाग
(ञ) किरात धर्म संरक्षण तथा संस्कार विभाग
(ट) शिली संकलन तथा संस्कृति विभाग
(ठ) फोहरमैला ब्यावस्थापन तथा सरसफाई विभाग
(ड) पारुहाङ ढुवानी तथा ओसारपसार विभाग
(ढ) यातायात, रोजगार तथा ब्यावसाय विभाग
(ण) आपतकालिन सहयोग तथा सुरक्षा विभाग

यी विभागहरुमा कार्य समितिका पदाधिकारीहरु प्रमुख रहने व्यवस्था अनुसार नै नियुक्ति निर्धारण गरिएको छ। यसरी सांगाठानिक संरचनाको दरिलो जग बसाउने कामलाई निरन्तरता दिइएको छ। संस्थाको आधिकारीक बेवसाइड www.kiratrai.org मा हेर्न/पढ्न अनुरोध गर्दछौं।

**(२) सांस्कृतिक कार्यहरुः**

- किरात राईहरुको सांस्कृतिक पहिचानलाई विश्वासामु पुर्याउन विभिन्न कार्यहरु गर्दै आएको किराया हङकङले यो ३ वर्षे कार्यकालमा निम्नानुसार सांस्कृतिक कार्यहरु सम्पन्न गर्यो।
- ६ मे २०१८ मा किरात राईहरुको महान चाड उभौली साकेला भव्यताकासाथ टाईमोशान कन्ट्री पार्क (यलम्बर पार्क) मा सम्पन्न गरियो।त्यस्तै गरेर उधौली साकेला २३ डिसेम्बरमा सोहि स्थान सम्पन्न गरियो।
- यहाँ (हङकङ)मा तीन चुला स्थापना गरेपछि बर्षमा उभौली र उधौली गरेर चुलामा कूवीमीहरुले मुन्दुम फलाक्दै आशीर्वाद माग्दै दुईपटक चुलापूजा गर्ने गरेका छौं। सो कार्यको निरन्तरतास्वरुप ३० अप्रीलमा सुप्तुलङखीमको चुलामा उभौली चुलापूजा र २२ डिसेम्बरमा उधौली चुलपूजा गरियो।सोहि बर्षको १३ मेका दिन किरात राई यायोक्खा मकाउको निमन्त्रणामा साकेला शिली प्रर्दशनकालागि शिली संकलन तथा सांस्कृतिक प्रर्दशनी (संस्कृति) विभागका मूल संयोजक पिताम्बर राईको प्रतिनिधित्वमा साकेला शिली नाँच्ने कलाकारहरु मकाऊ गई साकेला शिली प्रर्दशन गर्ने कार्य भयो। त्यस्तै गरेर शिली संकलन तथा प्रर्दर्शनी विभागका विभाग प्रमुख राजेन्द्र राई र मूलसंयोजक पिताम्बर राईको प्रतिनिधित्वमा कलाकारसहितको समुहद्वारा निम्न ठाँउहरुमा साकेला शिली प्रदर्शन गर्ने कार्य गरिएको छ।
- ०४ नोभेम्वर मा नेपाली जनजाती महासंघको आयोजनामा याउ मा तेईस्थित कम्युनिटी हलमा साकेला झाँकी प्रर्दशन गरियो।
- त्यसैगरी ११ नोभेम्बरमा हङकङ एकिकृत नेपाली समाज लिमिटेड (हिन्स) को निमन्त्रणामा स्टारफेरिमा साकेला शिलि प्रर्दशन गरियो।
- यही क्रमको २६ जनवरी २०१९ मा बगैंचा संचारको निमन्त्रणामा बगैंचा रेष्टुरेन्ट एण्ड बार जोर्डनमा साकेला शिली प्रर्दशन गरियो।
- मिति १७ जुलाई २०१८ तदानुसार वि.स. २०७५ साउन १ गते केहि बर्षअघिबाट मनाउन सुरु गरिएको साउने सक्रान्ति सुप्तुलुङखीममा मनाईयो।
- २० जनवरी २०१९ मा माघे सक्रान्ति तथा येलेदोङ ५०७९ र किराया हङकङको २०औं स्थापना दिवश बिशेष सांस्कृतिक मेलाको आयोजना गरेर सुप्तुलुङखीममा भव्यताकासाथ मनाईयो।उक्त सांस्कृतिक मेलामा किरातजन्य भेषभुषा,गरगहना तथा ऐतिहासिक हातहतियारहरु प्रदर्शनमा राखिएको थियो भने किरात जन्यलेख रचनाहरु भएका सयौं पुस्तकहरु किरात राई प्रज्ञा प्रतिष्ठानले संकलन गरी प्रदर्शन गरेको थियो।सोहि सालको ११ नोभेम्बरको दिन किरात राई यायोक्खाको आयोजनामा ८ वटै भाषिक संस्थाहरुको सहभागीतामा संयुक्त देउसे-भैलो सुप्तुलुङखीममा सम्पन्न गरियो।
- यसैगरी १९ मे २०१९ मा किरात राईहरुको महान चार्ड उभौली साकेला ताईमोशान कन्ट्री पार्क (यलम्बर पार्क) मा भव्यतापूर्वक सम्पन्न भएको छ।सोहि बर्षको २५ डिसेम्बरमा साकेला उधौली सोहि स्थानमा उस्तै भव्यताकासाथ सम्पन्न भएको थियो।त्यस्तै गरेर १८ मेमा सुप्तुलुङखीमको तीन चुलामा उभौली चुलापूजा गरियो भने १२ डिसेम्बरमा उधौली चुलपूजा सोहि स्थानमा सम्पन्न गरिएको थियो।त्यहि सालको २४ जुलाईमा साउने सक्रान्ति भव्यताकासाथ सुप्तुलुङखीममा मनाईयो।
- यसरी नै १९ जनवरी २०२० मा येले दोङ ५०८०/ माघे सक्रान्ति तथा २२ औं किराया हङकङको स्थापना दिवस सुप्तुलुङखीममा मनाइएको थियो। सोहि अवसरमा "किरात राई सांस्कृतिक मेला २०२०" पनि आयोजना गरिएको थियो।पहिलोपटक आयोजना गरिएको सो मेला भब्यताकासाथ सुप्तुलुङखीममा सम्पन्न भएको थियो।उक्त सांस्कृतिक मेलामा मौलिक किरातजन्य भेषभुषा,गरगहना तथा ऐतिहासिक हातहतियारहरुको प्रदर्शनमा राखिएको थियो। किरात राई प्रज्ञा प्रतिष्ठान हङकङले बिभिन्न व्यक्ति/व्यक्तित्वहरुद्वारा लेखिएका किरातजन्य लेखहरुको पुस्तक संकलन गरी प्रदर्शन गर्ने कार्य भएको थियो।
- किरात राईहरुको सांस्कृतिक पहिचानलाई प्रबर्द्धन गर्ने क्रममा विभिन्न संघ/संस्थाहरुको निमन्त्रणामा शिली संकलन तथा प्रदर्शनी बिभागका प्रमुख राजेन्द्र राई र प्रमुख संयोजक पिताम्बर राईको प्रतिनिधित्वमा कलाकारहरुको समुहले साकेला निम्न ठाउँमा प्रदर्शन गरियो।
- १७ नोभेम्बर २०१९ मा नेपाली महासंग हङकङको निमन्त्रणामा किरात राईको भेषभुषा तथा साकेला शिलि स्टारफेरिमा प्रदर्शन गरियो।
- ५ जनवरी २०२० मा नेपाली आदिवासी जनजाति महासंघ हङकङको निमन्त्रणामा "Visit Nepal 2020" को लागि सेन्ट्रल एरियामा साकेला शिलीसहितको झाँकी प्रदर्शन गरिएको थियो।
- २७ जनवरि २०२० मा बगैंचा संचारले आयोजना गरेको संयुक्त चार किरातको येलेदोङ कार्यक्रम ५०८० मा बगैंचा रेष्टुरेण्टमा साकेला शिली प्रर्शन गरियो।
- यसपश्चात कोविड-१९ को प्रभावको कारण धैरे कार्यक्रम रद्द गर्नु पर्ने बाध्यता भएपनि ९ मे २०२० उभौली चुलापुजा,
- ३१ डिसेम्बर २०२० उधौली चुलापुजा २६ मे २०२१ मा उभौली चुलापुजा गरी साकेलाको विधिविधान सामान्य रुपमा सम्पन्न गरिएको निवेदन गर्दछु।

**(३) संस्कारगत कार्यहरुः**

- किराया हङकङ मौलिक किराती धर्म-संस्कारकालागि कटिबद्ध संस्था हो।यस संस्थाले आफ्नो स्थापनाकालदेखि नै तत्सम्बन्धि कार्यहरु गर्दै पुस्तान्तरणको गर्ने प्रयास गरी रहेको छ।किरात राईहरुको मौलिक धर्म-संस्कार अनुसार गर्भ,जन्म,न्वारान,पास्नी, छेवर,गुन्युचोलि, मगनी,विवाह र मृत्युसम्मका विधिवत कार्यहरु गर्न मुन्दुमविद कूवीमीहरुसमेत नियुक्त गरेको छ।उहाँहरूबाट मुन्दुम रिसिया गर्दै संस्कारका कार्यहरु हाम्रो सुप्तुलुङखीमको तिन चुलामा गर्ने गरेका छौं। यसै सन्दर्भमा किरायाभित्रका भाषिक संस्थाहरुले किरायाको प्रमुख आतिथ्यतामा जन्मदेखि मृत्युसम्मका कार्यहरु गर्ने गरेका छन्।
- सोहि सन्दर्भमा ३० डिसेम्बर २०१८ मा खोटाङ जिल्ला वाक्सिला-९ सिम्पानी हाल केपिलासगढी गाउँ पालिका-४ थातथलो भएका स्वर्गीय प्रकाश राईको राईहरुको मौलिक परम्परागत संस्कार अनुसार कूवीमीहरुले मुन्दुम फलाक्दै अन्तिम संस्कार गरियो।

**(४) चुला दर्शन तथा पूजा- आराधना:**

- यस किरायाले आफ्नै स्वामित्वमा रहेको सुप्तुलुङखीममा स्थापना गरिएको तीन चुलामा चुला दर्शन,चुला ग्रहण तथा पूजा-आराधना गर्ने कार्यलाई निरन्तरता दिएको छ।फलत: तीन चुलाको विधि-विधान स्वीकार चुला दर्शन गर्ने विशिष्ट महानुभावहरुको संख्या बढ्दै गएको छ।अन्य धर्म-संस्कारमा जान-अन्जान लागेका किरात राईहरुले ति धर्म-संस्कारहरु परित्याग गरी आफ्नै तीन चुला मौलिक धर्म-संस्कार स्वीकार गर्दै पुनः चुलामै फर्केका उदाहरण पनि छ।यो एउटा खुशीको विषय हो। किरात राईहरु भुमिपुत्र भएकोले हाम्रो इष्टदेव सुम्निमा-पारुहाङ र पिता पुर्खाहरु यहि तीन चुलामा बसेका हुन्छन् भन्ने हामी किरात राईहरुको विश्वास हुन्छ।त्यसै कारण तीन चुला ढोग गरी पूजा-आराधना गरे मनोकांक्ष पुरा हुने विश्वास गर्दछौं।किराया हङकङले देश/विदेशबाट हङकङ घुम्न वा कुनै कामको शिलशिलामा आउने र चुलादर्शन गर्न चाहने किरात राई महानुभावहरुलाई चुलादर्शन गराउने कार्यलाई परम्पराको रुपमा विकास गरी रहेको छ।यस समितिको कार्यकालमा यस बर्ष निम्न उल्लेखित महानुभावहरुले चुलादर्शन गरेका छन्।
- कवि चन्द्र रानाहाँछा,पत्रकार उजुर राई, गायक सचिन राई, नेता तथा तायाचुङ-जायाजुम मूल समितिका महासचिव दिनेश राई हाँस्य कलाकार उमेश राई उर्फ फुलन्देको अामा,किराया दक्षिण कोरियाका सल्लाहकार अमृत राई, नेता तथा समाजसेवी- सुवास राई, कृषिविदा तथा राजनितिज्ञ मदन राईलगायत उहाँको परिवारहरु श्रीमती शुभद्रा राई र छोरा सुरज कुमार राई, वेलायतनिवासी डा. सुमन राई,डा. युगेश राई,अधिवक्ता तथा नेता चण्डीका राई(वेलायत),ज्येष्ठ नागरिक- बिर्ख बहादुर राई र उहाँको श्रीमती भाईसोनया राई (वेलायत),किराया केन्द्रिय कार्य समित सदस्य तथा राष्ट्रिय खेलकुद परिषद,राष्ट्रिय टीम तयारी समितिका निर्देशक महेन्द्र कुमार राई, खेलाडी (धाविका) सृजना राई, साहित्यकार प्रगति राई,कलाकार राकेश किराती र एलिशा राई,गायिका तथा यूटुबर सुजता राई (मेरी), समाजशास्त्री तथा प्राध्यापक (समाजशास्त्र केन्द्रिय विभाग किर्तिपुर)-राज कुमार राई,किराया मकाउ अध्यक्ष भीम कुमार राई,धरानका समाजसेवी हगकुमार राई,प्राध्यापक तथा पुर्वमन्त्री कृष्ण कुमार राई र उहाँको धर्मपत्नी,खोटाङ हलेसीका नयन कुमार राई, किराया मकाउ सल्लाहकार केशव राई,किराया नेपालका केन्द्रिय सदस्य दिलिप राई,थुलुङ सामा वेलायतका महासचिव सर्वधन राई आदिले चुलादर्शन गरेका छन्।
- यस्तै गरेर लेखक तथा संचारकर्मी निरज राईले चुला प्रवेश गरे। अन्य समुदायका विशिष्ट व्यक्तित्व तथा कलाकार कुशल थलाङ र मनोज गजुरेलले सुप्तुलुङखीम अवलोकन गरेका छन्।

**(५) सुप्तुलुङखीम मर्मत-संभार तथा निर्माण:**

- किरायाको यो एउटा महत्वपूर्ण विभाग हो। यस किरायाका प्रथम उपाध्यक्ष चन्द्रका(माया)राई विभाग प्रमुख, संयोजक धिराज कुमार साम्पाङ राई,सचिव तेज प्रकाश(अधिराज) राई र प्रबन्धक पविता पुमा राई रहेको यो विभागले उदाहरणीय काम सम्पन्न गरेको छ।यो विभागले १५ डिसेम्बर २०१९ मा सुप्तुलुङखीममा नयाँ बोलकबोल तथा रकम संकलन कार्यक्रम बृहतरुपले सम्पन्न गर्यो। त्यस्तै गरेर उभौली साकेला, उधौली साकेला, साउने सक्रान्ति,माघे सक्रान्ति आदि कार्यक्रमहरुमा छुट्टै स्टल राखेर सहयोग रकम उठाउने र नयाँ बोलकबोल गराउने कार्य गर्यो।किरायाको खम्बाको रुपमा रहेको यो विभागले रकम संकलन गरेर किरायाको आर्थिक पाटो मात्रै सुधारेन २७ फेब्रुअरि २०२० मा रैछाकुले/ खोक्चिलिप्पाको प्रतिमा नेपालबाट सुप्तुलुङखीमसम्म ल्याउन सफल भयो।स्व.चित्रकार तथा साहित्यकार अर्जुन खालीङ राईको आत्मानुभूत चित्रलाई नेपालकै प्रसिद्ध मुर्तिकार रोजन राईले रैछाकुलेको प्रतिमालाई मूर्त रुप दिएका हुन्।यही महिनाको १३ जुनमा भव्य समारोह बीच उक्त प्रतिमा सुप्तुलुङखीम प्राङ्गणमा अनावरण गरी सकिएको छ।अब सदा-सर्वदा आफ्नै आँगनमा आफ्नो महान पुर्खाको प्रतिमा देख्दा गर्वले छाती फुल्दछ।यस कार्यमा संलग्न सबै धन्यवादका पात्र हुनुहुन्छ।तथापि सम्बन्धित विभागलाई विशेष धन्यवाद छ।यो ऐतिहासिक कार्य सम्पन्नतालागि धिराज कुमार राई र तेज प्रकाश(अधिराज) राईको नाम विशेष स्मरण गर्दछु।
- यहाँसम्म त्यति ठूलो तौलको प्रतिमा ल्याउँदा कार्गोको लागत आफैंले बेहोरेर जस्ताको त्यस्तै यहाँसम्म ल्याई दिने टायम स्कायरका प्रमुख प्रवीण काङमाङ राई पनि धन्यवादका पात्र हुनुहुन्छ।
- सुप्तुलुङखीमको मर्मत तथा संरचना निर्माणमा धेरै महानुभावहरुको अमूल्य पसीना बगेको छ।समय गएको छ।यहाँ उल्लेख गरेर साध्य छैन।प्रत्यक्ष/परोक्ष सहयोग गर्ने सबैप्रति किराया सम्मान व्यक्त गर्दछ।
- अहिले सुप्तुलुङखीमको तलामाथि २ वटा पाहुना सयन कक्ष छ।त्यो कक्ष किरायाको भाषिक संस्था साम्पाङ जुम्लेखाले निर्माण सम्पन्न गरी १५ डिसेम्बर २०१९ मा किरायालाई हस्तान्तरण गरेको हो।यसप्रति किराया हङकङ आभारपूर्वक धन्यवाद व्यक्त गर्दछ।

**(६) खेलकुद,संगीत,साहित्य चित्रकला:**

- किरात राई यायोक्खाको महासचिव बज्र कुमार राई प्रमुख रहेको यो विभाग अन्तर्गत पर्ने माथि उल्लेखित शिर्षक खेलकुद अन्तर्गत २६ डिसेम्बर २०१८ मा अन्तरभाषिक ब्याडमिन्टन प्रतियोगिता-२ भव्यताकासाथ सम्पन्न भयो। उक्त प्रतियोगितालाई नेपाल फाइन्नास लिमिटेड मुख्य प्रायोजन गरेको थियो।अरु धेरै महानुभावहरुले सहयोग गरेका थिए।उक्त प्रतियोगिताका संयोजक रजिन वान्तवा राई र नेपाल फाइन्नासलाई विशेष सम्मानले सम्बोधन गर्न चाहन्छौं।
- यसैगरी २९ डिसेम्बर २०१९ मा किरात राई यायोक्खा हङकङको आयोजना ,प्रमुख संयोजक थुलुङ सामा,सह-आयोजकहरु किरात सुनुवार समाज हङकङ, किरात याक्खा छुम्मा हङकङ र किरात याक्थुम चुम्लुङ हङकङ भई Lion Rock Archery Range, Wong Tai sin को ब्यावस्थापनमा "प्रथम यलम्बर धनु-वाण प्रतियोगिता २०१९" (1st Yalambar Archery Competition 2019) खेल सम्पन्न भयो। हङकङमा रहेका चारै किरातहरु एउटै पुर्खाका सन्तान हौं। जिउने क्रममा भौगोलिक रुपले छरिंदै बस्दै जाँदा भाषा तथा संस्कारहरु फरक देखिए पनि सबै यलम्बरकै सन्तान भएकोले मौलिक किराती संस्कारहरु पनि संयुक्त रुपमा मनाउने र एकापसमा सहकार्य गर्दै जाने उद्देश्यकासाथ उक्त खेल आयोजना गरिएको थियो।उक्त प्रतियोगिता २०१९ को गोल्ड स्पोन्सर नामलोन्था राई र सिल्भर स्पोन्सर केशर राई हुनु हुन्थ्यो। अरु केहि संस्था तथा व्यक्ति/व्यक्तित्वहरुले पनि यस प्रतियोगीतालाई सहयोग गर्नु भएको थियो। उहाँहरु सबैलाई एकमुष्ट धन्यवाद छ। यस प्रतियोगीतामा लिईएको सहयोग रकम खर्च भई बचत भएको रकम आयोजक प्रमुख यस संस्था (किराया हङकङ)का अध्यक्ष हरिचन्द्र राई तथा क्रमशः सुनुवार समाज हङकङका अध्यक्ष श्याम कर्ण सुनुवार, किरात याक्खा छुम्माका अध्यक्ष पुर्ण याक्खा, याक्थुम चुम्लुङका प्रतिनिधि तथा संस्थाका उपाध्यक्ष शम्सेर लिम्बु, थुलुङ सामाका अध्यक्ष रामली थुलुङ, किराया खेलकुद संयोजक रजिन वान्तावा, खेलकुद प्राविधिक संयोजक अभि याक्खा र आर्थिक संयोजक राजु थुलुङ राईको संयुक्त बैठकले हङकङबासी नेपालीको शैक्षिक क्षेत्रका छोराछोरी/नानीबाबुहरु बारे हेरी/बुझी खर्च गर्ने गरी नेपाल फाईनान्समा राखिएको पनि जानकारी गराउन चाहन्छु।
- यस प्रतियोगिताको अवधारणकार तथा धनुवाण संयोजक रामली थुलुङ र सहयोगी सबैलाई हार्दिक धन्यवाद छ।
- यस कार्य समितिले २१ जुलाई २०१९ मा साउने सक्रान्ती मनाउने क्रममा बाल/बालिका विशेष "राजा यलम्बरहाङ चित्र पेन्टिङ प्रतियोगिता तथा पुर्खा सम्मान कार्यक्रम" पनि आयोजना गरिएको थियो। प्रतियोगितामा ७ बर्षदेखि १४ बर्षसम्मका किरात राई बालबालिकाहरुलाई यलम्बर हाङको चित्र पेन्टिङ गर्न लगाउने प्रतियोगिता हङकङका वरिष्ठ चित्रकार दिपेन्द्र राईको सुपरिबेक्षणमा सुप्तुलुङखीममा गराईएको थियो। किरात राई बालबालिकाहरुलाई आफ्नो भाषा, धर्म, संस्कार तथा संस्कृतिप्रति उन्मुख गराउँदै लैजाने उद्देश्यकासाथ सम्पन्न उक्त चित्रकला प्रतियोगितामा उल्लेख्यरुपमा बालबालिकाहरुको सहभागीता रहेको थियो।हाम्रो मुख्य अभिप्राय: कलिलो मन-मस्तिष्कमा किराती संस्कृतिको स-साना विउ रोप्नु थियो।
- यो कार्य समितिले आफ्नो कार्यकालको सांगीतिक कार्यक्रम "यलम्बर नाइट" कोभिड-१९ को कारण आयोजना गर्न नसकेको दु:खकासाथ सम्झाउन चाहन्छौं।

**(७) संचार,प्रकाशन तथा दस्तावेजीकरण:**

- किरात राईहरुको इतिहास,भाषा, लिपि,भेषभूषा,धर्म,संस्कार-संस्कृति,कला,साहित्य आदि जस्ता महत्वपूर्ण विषयलाई सु-सुचित तथा दस्तावेजीकरण गरी राख्न किराया हङकङले इलेक्ट्रोनिक संचार माध्यम www.kiratrai.org संचालन गरी रहेको छ।यसमा विशेष गरेर

किराया प्रज्ञा प्रतिष्ठानका कुलपति शशिमदन राई लागी पर्नु भएको छ।हालसम्म उहाँले नै धेरै किरातजन्य लेखन सामग्री तथा संस्थाका कुराहरुलाई लिखित गरेर राखी रहनु भएको छ।यसकालागि उहाँलाई किरायाले स-सम्मान स्मरण गर्दछ।

- किरायाको स्थापनाकालदेखि संस्थागत छापा मुखपत्र "यलम्बर" पनि छ।यो कार्यसमितिले सो यलम्बरको १९औं अंक प्रकाशन गरेर साकेलामा नि:शुल्क वितरण गर्यो। २०औं अंकबाट चाहिं सम्पूर्ण प्रकाशनको जिम्मा प्रज्ञा प्रतिस्ठानलाई सुम्पिएकोमा कोभिड-१९ का कारण उक्त अंक प्रकाशन गर्न सकिएको छैन।किरायाका सुचनाहरु "एभरेष्ट" छापा पत्रिकामा पनि प्रकाशन हुने गरेको छ।जसकालागि किरायाले केहि रकम बार्षिक रुपमा भुक्तान गर्दै आएको छ।
- किरायाले आफ्नो बौद्धिक परिषद प्राज्ञ प्रतिष्ठानमार्फत आफ्नो समुदायका व्यक्तित्वहरुले लेखेका लेख-रचना तथा पुस्तकको प्रकाशन तथा लोकार्पण गर्ने कार्य पनि आरम्भ गरेको छ।सुरुवातको पहिलोपटक साहित्यकार तथा किरायाका संस्थापक कोषाध्यक्ष नरजीत राईकृत संस्मरणसंग्रह "नसकिने बाटो" १५ अप्रिल २०२१ मा लोकार्पण गरिएको छ।
- उनै लेखकद्वारा लिखित किराया हङकङ विगतदेखि वर्तमानसम्म (सन् १९९८-२०२०)को संस्थागत इतिहास पनि प्रज्ञा प्रतिष्ठानले प्रकाशन गर्ने अन्तिम तयारी गरी सकेको अवगत गराउन चाहन्छु।

**(८) सम्मान,बधाई तथा शुभकामना:**

- माघे सक्रान्ति/ येलेदोङ५०७९ तथा  किरायाको २०औं स्थापना  दिवशको औपचारिक कार्यक्रममा ज्येष्ठ नागरिकहरु तथा  किराया संस्थापक पदाधिकारीहरुलाई  सम्मान गरियो। सम्मान हुनुहुने ज्येष्ठ नागरिकहरु दल बहादुर राई, कर्ण बहादुर राई, मशन्त बहादुर राई, शिव माया राई, धनरिषि राई हुनुहुन्छ। हङकङमा रहनु भएका संस्थापक पदाधिकारीहरुमा नरजीत राई, रामली राई र हरि बुङलावा सम्मान गरियो। त्यसैगरी किरात राई यायोक्खा हङकङकी सह-सचिव पविता पुमा राई नेपाली महिला संघद्वारा १३ मे २०१८ मा आयोजित "मिसेस हङकङ नेपाल" प्रतियोगितामा विजेता भएकोमा उहाँको भावी सफलता र उत्तरोउत्तर प्रगतिको  कामना गर्दै  बधाई तथा शुभकामना  किरायाबाट व्यक्त गरियो।
- किरायाले हङकङबासी किरात राईहरुका सन्तानले उच्च शिक्षा हासिल गरे वा कुनै विशिष्टता हासिल गरेको खण्डमा पनि प्रोत्साहन तथा सम्मान गर्ने परंपरा स्थापित गरेको छ।यसप्रकारबाट २४ जुलाई २०२० का दिन साउने सक्रान्तिको कार्यक्रममा Hongkong polytechnic University बाट The Degree of Bachelor of Engineering with second class honors, Division 1. गरेका सोदेल कोयीकीमका अध्यक्ष तथा हाल यस संस्थाका पदेन उपाध्यक्ष प्रकाश राईको जेठा छोरा सन्जय राईलाई संस्कार अनुसार फेटा लगाई सम्मान-पत्र दिएर सम्मान गरियो।
- यसैगरी सोदेल कोयीकीम निवर्तमान अध्यक्ष हित बहादुर राईको डाक्टर दुई छोरा सुमन राई र युगेश राईलाई पनि किरायाले फेटा गुथाई सम्मान-पत्रसहित सम्मान गरेको गर्यो।
- त्यस्तै गरेर ८ मार्च २०२० मा किरात राई खाम्बातिम हङकङका नवनिर्बाचित अध्यक्ष कल्पना राईलाई मजेत्रो ओढाई बधाई तथा शुभकामना दिदै किराया हङकङको पदेन उपाध्यक्षमा पदस्थापनसमेत  गरियो ।

**(९) सप्तुलुङलाई विविध सहयोग:**

- यस सुप्तुलुङखीमलाई किराया सम्वद्ध विभिन्न भाषिक संस्था तथा व्यक्ति/व्यक्तित्वहरुले जिन्सी सहयोग गर्नु भएको छ।
- यस समितिका प्रथम उपाध्यक्ष चन्द्रका(माया)राईले अहिलेको यो बेन्च-सोफा र केहि भाँडाकुँडा दिनु भएको हो। उहाँलाई हार्दिक धन्यवाद छ।
- यसैगरी हेमराज वान्तवाले रक्सी पार्ने फोषी-बाटा एक थान प्रदान गर्नु भएको छ। उहाँलाई किरायाको हार्दिक धन्यवाद छ। सबै सहयोगीहरुलाई हाम्रो पितृको आशिर्वाद लागोस् भन्ने कामना पनि गर्दछौं।
- यही १३ जुन २०२१ (रैछाकुलेको प्रतिमा आवरण भएको दिन)बाट काँसे थाल-बटुकोमा सुप्तुलुङको खाना खान पाइने भएको छ। यसलाई स्पोन्सर गर्ने मनधनी महानुभावहरु शशिमदन राई,धिराज कुमार राई,चन्द्रका(माया)राई, सुकमाया लिम्बु,मैत्र कुमार राई र रमेश कुमार राई हुनुहुन्छ। यस्तो विषम परिस्थितिमा पनि नेपालबाट यहाँ (सुप्तुलुङखीम)सम्म यी भारी सामान ल्याएर दिने उहाँहरु सबैलाई स-सम्मान धन्यवाद छ।
- नेपाल यी सामान खरीद गरेर पठाउनसम्म सहयोग गर्ने जजिन चाम्लिङ राई पनि उत्तिकै धन्यवादका पात्र हुनुहुन्छ। यहाँ धेरैले धेरै कुराहरु सहयोग गर्नु भएको छ। तर यो प्रतिवेदनमा सधैंकालागि सहयोगको लेखाजोखा रहोस् भन्ने मनसायले यो कार्यकालको मात्रै उल्लेखनीय सहयोगलाई समेटेको अवगत गराउँदछु।

**(१०) किरायाको आर्थिक सहयोग:**

यस किरायाले भईपरि आएको खण्डमा विभिन्न सहयोग गर्दै आएको छ।यसै सन्दर्भमा किराया केन्द्रबाट प्राप्त सहयोग याचना-पत्रको आधारमा क्यान्सर पीडित धनराज राईलाई आर्थिक सहयोग गरियो।त्यसैगरी खोटाङ रावा बाङदेल थातथलो भई युङलनको कान्तिन बस्ने पोक्सो ट्रान्सप्लाण्ट गर्नु पर्ने अवस्थाका प्रतिग राईलाई पनि आर्थिक सहयोग गरियो।किराया केन्द्र अन्तर्गतको सांस्कृतिक प्रतिष्ठानद्वारा आयोजित "अन्तर्राष्ट्रिय भर्चुअल यलम्बर संगीत प्रतियोगीता २०७८." को दोस्रो पुरस्कार प्रायोजन गरियो। यी बाहेक अरु थुप्रै सानातिना सर-सहयोग किरायाले गरेको छ।

**(११) श्रद्धाञ्जलि/समावेदना:**

- सुप्तुलुङखीम सहयोगदाता गैर राई राजु लिम्बुको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै धरानबाट प्रकाशित "ब्लाष्ट" समाचारपत्रमा श्रद्धाञ्जलि/समावेदना प्रकाशित गरियो।
- यसैगरी २० अक्टोबर २०२० मा सुप्तुलुङखीममा कार्यसमिति सदस्य रामचन्द्र राईको ८७ बर्षीय बुबा कल्याण प्रसाद राईको ९ अक्टोबर २०२० मा नेपालमा निधन भएकोले स्व.उहाँलाई श्रद्धाञ्जलि दिंदै परिवारजनमा समबेदना दिने कार्य भयो।
- स्व. डिक प्रसाद राई र ज्ञान्तोष राईप्रति पनि श्रद्धाञ्जलि व्यक्त गरियो।यस कार्य समितिका सदस्य पवित्रा वान्तवा राई (सिम्मा) को  पुज्यणीय अामा सन्चलक्ष्मी राईको असामयीक निधनप्रति भावपुर्ण श्रध्दाञ्जलि अर्पण गर्दै शोकाकुल परिवारजनमा समावेदना व्यक्त गरियो।
- स्व.प्रकाश दुमी राई र पृथ्वी बहादुर लोहोरुङ राईप्रति पनि श्रद्धाञ्जलि अर्पण गरियो।
- यस संस्था (किराया)का सल्लाहकार तिलक वालाहाङको ममतामयी आमा धनमाया ताङलुवा राईको मृत्युप्रति दुःख व्यक्त गर्दै एभेरेष्ट छापा पत्रिकामा श्रद्धाञ्जली प्रकाशन गरियो।
- किराया पूर्वपदाधिकारी पार्वती (सानु) वान्तवा राईको बुबा बम बहादुर राईको यही महिना भएको मृत्युप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली प्रकाशन गर्ने निधो भएको छ।
- यस संस्थाले हङकङमा बस्ने मौलिक किरात धर्म,संस्कार मान्ने जो कोहि राईको मृत्यु भएमा श्रद्धाञ्जलि अर्पण गर्ने र दु:खको बेलामा मृतकको घरमा गई समबेदना दिने निर्णय भएकोले सोहि अनुसार गरी रहेको पनि जानकारी गराउँदछु।

**(१२) चिठ्ठीपत्र,निमन्त्रणा,समर्थन र आतिथ्यता:**

- किरायालाई यहाँ भएका विभिन्न संघ/संस्थाहरुले आतिथ्यताकालागि पत्राचार गर्यो।विशेष गरेर जातीय संघ/संस्था हरुले सधैं नै निमन्त्रणा गर्यो। किराया सम्बद्ध भाषिक संस्थाहरुले सधैं नै प्रमुख आतिथ्यताको निम्तो गर्यो।
- निम्तो प्राप्त भएको सबैतिर सधैं आतिथ्यता प्रदान गर्न सकेनौं।तथापि मुख्य र अर्थपुर्ण कार्यक्रमहरुमा किरायाको आतिथ्यता रह्यो।भाषिक संस्था तथा सम्बद्घ विभागहरुको निम्तोमा सधैं आतिथ्यता भयो।
- समर्थनको हकमा यहाँस्थित नेपाली आदिवासी महासंघले गरेका सबै काम/कारवाहीहरुमा किरायाको सबै प्रकारका साथ- समर्थन रह्यो।किरायाका केन्द्रले किरात राईहरुको पक्षमा गरेका सबै कार्यहरूमा साथ,समर्थन र सहयोग रह्यो।कोभिड-१९ को कारण भएका बिभिन्न भर्चुअल बैठक तथा छलफलहरुमा सहभागीता रह्यो।विशेष गरेर हाम्रो देश नेपाल हाल राष्ट्रिय जनगणनाको संघारमा रहेको बेला हामी किरात

राई हौं। र,आगामी जनगणनामा राई लेखौं/लेखाऔं भन्ने किराया केन्द्रको जनचेतना अभियानको भर्चुअल छलफल/गोष्ठीहरुमा समर्थनपूर्ण सहभागीता जनाइयो।

आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु!
यो प्रतिवेदनको अन्तिम बुँदा नम्बर १२ मा केहि सटकट सुझावहरु राख्न चाहन्छौं।

**(१३) सुझावहरु:**

- आगामी नेतृत्वले सुप्तुलुङखीम मर्मत-सम्भारको निम्ति बिशेष योजनाकासाथ काम गरोस्।
- सुप्तुलुङखीमको विजुली,पानी,टेलिफोन आदिको बिल भर्पाई ठीक समयमा गर्न जिम्मेवारपूर्ण व्यक्ति वा समितिलाई तोकेर काम गरोस्।
- किरायाको हिसाब-किताब अडिट गर्न पारिश्रमिक छुट्याई व्यक्ति वा समिति बनाएर काम गरोस्।
- सुप्तुलुङ हाताभित्र वाईफाई-इन्टरनेटको व्यवस्था गरोस्।
- कार्य कारिणी कार्यालयको व्यवस्था गरोस्।
- सुप्तुलुङखीम सधैं हेरचाह गर्नकालागि स्थायी उपायको खोजी गरी काम/कार्रवाही गरोस।
- मौलिक किराया राईहरुको संस्कार गर्न सक्भर स्थायी धामी-कुविमी आदिको न्यूनतम बाटो खुलाउन तदारुकताकासाथ काम गरोस्।
- यस किरायाले गरेका लेखन,सम्पादन,प्रकाशन,छाँयाङ्कन आदि जस्ता सधैंभरी दस्तावेज भएर रहने काम गर्न उचित योजनासहित कार्यक्रम ल्याओस्।मुख्यत: यस संस्थाको आधिकारिक विद्युतीय संचार www.kiratrai.org लाई संसारलाई हेर्न लायकको बनाउन बजेटसहितको योजना बनाएर अघि बढोस्।
- किरायाको काम/कार्रवाहि विधानत: गर्न केहि विचार-गोष्ठी,भेला,छलफल दीक्षित कार्यक्रमहरु निर्धारण गरोस्।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु!
यीनै सुझावहरुकासाथप्रस्तुत प्रतिवेदनमा केहि उल्लेखनीय भूलहरु भेट्नु भयो भने अधिवेशनपश्चात पनि किरायालाई सम्झाई दिनुहुन हार्दिक अपील गर्दै यो प्रतिवेदन अन्त्य भएको जानकारी गराउँदछु।
धन्यवाद।

सेवा!
जय किरात राई यायोख्खा!
जय किरात राई एकता!

............
(सचिव)
गजेन्द्र राई
किराया हङकङ।

# विधान - १९९८

११औं अधिवेशन २७ जुन २०२१ मा (संसोधन मस्यौदा)

**परिच्छेद (१)**

## १. प्रस्तावना:

हङकङमा स्थाई वा अस्थाई रुपमा बसोबास गरिरहेका किरात राईहरुलाई एकै सूत्रमा गोलबन्द गर्दै किरात राईहरुको इतिहास, भाषा, लिपि, कला, साहित्य, धर्म, संस्कार र संस्कृतिको खोज, आन्वेषण, संरक्षण र संवद्र्धन गर्न, यी जातिलाई सामाजिक सरोकारका विविध क्षेत्रहरुमा अघि बढ्नको निम्ति उत्प्रेरित एवं मार्ग निर्देश गर्न, हङकङमा रहेका विभिन्न जात, जातीय समूह, सामाजिक संघसंस्था तथा अन्य निकायहरुसंग सम्पर्क र सम्बन्ध बढाउदै उनीहरुबीचमा किरात राईहरुको पहिचानलाई सजीव बनाई राख्न, हङकङमा रहेका किरात राईहरुको पहलमा किरात राई यायोक्खा हङकङ लिमिटेड नामक संस्थाको स्थापना गरी यो विधान जारी गरिएको छ। किरात राई यायोक्खा नेपाल केन्द्रिय समितिको उदेश्य काम, कार्वाहीलाई मार्गदर्शनको रुपमा लिईनेछ।

## २. संक्षिप्त नाम र प्रारम्भ:

1. यो संस्थाको नाम ‘किरात राई यायोक्खा हङकङ लिमिटेड’ र संक्षिप्तमा ‘किराया हङकङ’ तथा अंग्रेजीमा 'Kirat Rai  Association Hong Kong Limited' छोटकरीमा 'KRAHK' रहने छ।
2. यस विधानलाई किरात राई यायोक्खाको विधान १९९८ (संशोधन सहित) भनिनेछ।
3. यो विधान अधिवेशनले पारित गरेपछि पूर्ण रुपमा लागू हुने छ।

## ३. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

1. ‘यायोक्खा’ भन्नाले किरात भाषामा संस्था भन्ने बुझाउने छ र ‘संस्था’ भन्नाले किरात राई यायोक्खालाई बुझाउने छ।
2. ‘विधान’ भन्नाले किरात राई यायोक्खा हङकङको विधानलाई बुझाउने छ।
3. ‘सदस्य’ भन्नाले विधानको धारा परिच्छेद (२) धारा १ अनुसारको सदस्यता प्राप्त व्यक्तिलाई बुझाउने छ।
4. ‘कार्यसमिति’ भन्नाले किरात राई यायोक्खा हङकङको संचालक समितिलाई बुझाउने छ।
5. ‘नियम’ भन्नाले किरात राई यायोक्खा हङकङको विधान अनुरुप गठन हुने कार्यसमितिले बनाउने नियमलाई बुझाउने छ।
6. ‘अधिवेशन’ भन्नाले किरात राई यायोक्खा हङकङको विधानमा व्यवस्था भए अनुसारको प्रतिनिधि पर्यवेक्षकहरुको भेलालाई बुझाउने छ।
7. ‘पदाधिकारी’ भन्नाले किरात राई यायोक्खाको कार्यसमितिमा बहाल रहेका पदाधिकारीहरुलाई बुझाउने छ।
8. ‘किरात धर्म’ भन्नाले किरात राई जातिबीच समानता र आस्थाको प्रतीकको रुपमा आदिम कालदेखी चलिआएको किरात धर्म–संस्कार (चुला–पित्री पुजा, जन्मदेखि मृत्युपर्यन्तको कार्यविधि, थुथुरी ग्रन्थ, र मुद्दुम) मा आस्था राख्नुलाई जनाउने छ।
9. ‘सामुहिक चुलाघर’ भन्नाले किरात धर्ममा आस्था राख्ने जोकोहीलाई जन्मदेखी मृत्यु पर्यन्त सम्मको कर्मकाण्ड गर्न प्रयोग गर्न दिईने स्थललाई जनाउने छ।
10. ‘सामुहिक कूबीमी’ भन्नाले किराया हङकङले सामुहिक चुला पुज्न तथा राईहरुको किरात धर्म अनुसार जन्म देखी मृत्यु पर्यन्त सम्मको कर्मकाण्ड गरिदिन पारिश्रामिक तोकी वा नतोकि नियुक्त गरेको धामीलाई जनाउनेछ।
11. ‘सुप्तुलुङ खिम’ भन्नाले किरात राई यायोक्खा हङकङको कार्यलय भवनलाई जनाउने छ।

## ४. कार्यालय:

यस संस्थाको कार्यालय हङकङमा रहने छ।

## ५. प्रतीक चिन्ह, छाप, झण्डा:

यस संस्थाको लोगो, छाप र झण्डा अनुसूची १ उल्लेख भए बमोजिम रहने छ।

## ६. उद्देश्यहरु:

1. हङकङमा रहेका सम्पूर्ण किरात राईहरुबीच एक–आपसमा एकता कायम गर्ने।
2. किरात राईहरुबीच आपतविपत आइपरेमा आवश्यक सहयोग आदान–प्रदान गर्ने।
3. किरात राईहरुको भाषा, लिपि, किरात धर्म, कला, इतिहास, संस्कार र संस्कृतिको खोज, आन्वेषण, संरक्षण तथा सम्वर्द्वन गर्ने कार्यमा लागि पर्ने।
4. हङकङमा रहेका विभिन्न जात–जाति, धर्म र सम्प्रदायका मानिससंग सम्बन्ध कायम गर्दै उनीहरुबीच किरात राईको पहिचानलाई जीवन्त बनाउदै सामाजिक एकता एवं ऐक्यवद्धताको निम्ति पहल गर्ने।
5. हङकङमा क्रियाशील विभिन्न सामाजिक संघसंस्थाबीच मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने।
6. किरात राईहरुलाई शैक्षिक योग्यता विकास गर्न, सामाजिक सेवामा संलग्न हुन, व्यावसायिक दक्षता हासिल गर्न उत्प्रेरित एवं मार्गनिर्देशन गर्दै अझ सभ्य एवं सुसंस्कृत बनाउन पहल गर्ने।

**परिच्छेद (२)**

## १. सदस्यता :

यस संस्थामा निम्न प्रकारका सदस्यहरु रहनेछन्।

### क. साधारण सदस्य

अठार वर्ष उमेर पुगेका हङकङ आई.डि वाहक कुनैपनि किरात राई तोकिएको शुल्क तिरी यस संस्थाको साधरण सदस्य बन्न सक्ने छ । अन्य जातिसंग विवाह भएका किरात राई महिला तथा किरात राई पुरुषसंग विवाह गरेका अन्य जातिका महिला पनि यस संस्थाको सदस्य बन्न सक्ने छन्। सदस्यता निरन्तरताको लागि तोकिएको समयावधिभित्र सदस्यता नविकरण गर्नु पर्ने छ।

### ख. आजीवन सदस्य

1. साधारण सदस्यताको लागि आवश्यकीय मापदण्ड पूरा गरेका जोकोहीले एकमुष्ठ ~~हङकङ १००० (एक हजार)~~ २००० (दुई हजार) वा सो भन्दा माथि प्रदान गरि आवेदन गरेमा कार्यसमिति ले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।
2. विधानको परिच्छेद (२) को धारा ४ अनुसारको अवस्था रहेको ठहराई कार्यसमिति को बहुमतको निर्णयले आजीवन सदस्यता खारेज गर्न सक्नेछ।
3. आजीवन सदस्यहरुलाई साधारण सदस्यमा निहित सबै अधिकारहरु प्राप्त हुनेछ।
4. आजीवन सदस्यहरुलाई नविकरण सदस्यता शुल्क लाग्ने छैन । खारेज नभएसम्म यो सदस्यता कायम रहनेछ।

### ग. मानार्थ सदस्य

1. निम्न व्यक्तिहरुलाई कार्यसमिति को बहुमतको निर्णयबाट यस संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ।
    1. यस संस्थालाई कुनै पनि किसिमले योगदान पुरयाएका संस्थाका पुराना कार्यकर्ताहरु।
    2. यस संस्थालाई कुनै पनि किसिमले योगदान पुरयाएका ख्याति प्राप्त कुनै पनि मुलुकका नागरिक।
2. मानार्थ सदस्यहरुलाई अधिवेशनमा उम्मेद्वार हुने र मत दिने अधिकार रहने छैन। तर साधारण सदस्यताको लागि आवश्यकीय मापदण्ड पूरा गरेका जोकोहीले उम्मेद्वार हुने र मत दिने अधिकार रहने छ।
3. विधानको परिच्छेद (२) को धारा ४ अनुसारको अवस्था रहेको ठहराई कार्यसमिति को बहुमतको निर्णयले मानार्थ सदस्यता खारेज गर्न सकिनेछ।
4. मानार्थ सदस्यहरुलाई कुनै पनि कार्यक्रममा उपस्थित भएको रहेछ भने आशन ग्रहण गराईने छ। खारेज नभएसम्म यो सदस्यता कायम रहनेछ।

## २. सदस्यता प्रदान विधि :

सदस्यता लिन चाहने व्यक्तिले विधिवत रुपमा यस विधानको अनुसूचि २ अनुसारको सदस्यता आवेदन फारम भरी कार्यसमिति मा बुझाउनु पर्नेछ। आवश्यक छानबिन पश्चात कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछ। अधिवेशनको समयमा सदस्यता वितरणको लागि कार्यसमिति ले तोकेबमोजिमको समयावधि निर्धारण गरिने छ। कार्यसमिति विघटित अवस्थामा सदस्यता वितरणका लागि आजीवन सदस्यहरुमध्येबाट बढीमा ५ जनाको समिति निर्माण गरिने छ। नया कार्यसमिति गठनसंगै उक्त समिति स्वत: विघटन हुने छ।

## ३. सदस्यता शुल्क :

अर्को ब्यावस्था नभईन्जेल सम्म २ ३ बर्षको लागि हङकङ डलर ~~२०० (दुई सय)~~ ३०० (तिन सय) सदस्यता शुल्क लाग्ने छ।

## ४. सदस्यता समाप्ति :

1. संस्थाको विधान उल्लंघन गरेमा।
2. संस्थाको हित र प्रतिष्ठामा आँच आउने कार्य गरेमा।
3. कसैले नैतिक पतन हुने गरी वा फौजदारी अभियोग लागी दोषी प्रमाणित भएमा । तर, यस अनुसार सदस्यता खारेज भएको व्यक्तिले मुक्त भइसकेपछि भने आफ्नो आचरण सुधार गरेको भनी सदस्यताको लागि पुन: अनुरोध गरेमा सो उपर कार्यसमिति ले छानविन गरी उचित ठहरयाएमा पुन: सदस्यता प्रदान गर्न सक्नेछ।
4. मानसिक संतुलन ठीक नरहेको प्रमाणित भएमा।
5. मृत्यु भएमा।
6. विधानको परिच्छेद (२) धारा ४ उपधारा २ र ३ अनुसारको अवस्था परी सदस्यता खारेज गर्नु परेमा कार्यसमिति ले सोको निर्णय गर्नेछ। तर सो गर्दा सुनवाईको अधिकारबाट भने निजलाई बञ्चित गरिने छैन।

**परिच्छेद (३)**

## १. कार्यसमिति :

यस संस्थाको दैनिक कामकार्वाही सञ्चालन तथा सम्पन्न गर्न एक कार्यसमितिको गठन गरिने छ।

## २. कार्यसमिति गठन :

अधिवेशनबाट १५ जना पदाधिकारीहरु निर्वाचित हुनेछन् जसको पदावधि तिन वर्षको हुनेछ। कार्यसमितिमा कम्तिमा २० प्रतिशत महिला अनिवार्य रहनु पर्नेछ । यो कार्यसमिति हङकङको सामाजिक कानुन अन्तर्गत दर्ता भएका किरात राई यायोक्खा हङकङको समेत कार्यसमिति रहनेछ।

## ३. पदाधिकारीहरु :

कार्य समितिमा निम्न १५ जना पदाधिकारीहरु रहनेछन ।

1. अध्यक्ष –
2. प्रमुख उपाध्यक्ष –
3. महासचिव –
4. सचिव –
5. कोषाध्यक्ष –
6. सहसचिव –
7. सहकोषाध्यक्ष –
8. सदस्यहरु (८ जना) –

## ४. पदेन पदाधिकारीहरु :

किरात राई यायोक्खा हङकङ अन्तर्गतका बिभिन्न संघसंस्थाहरुलाई सम्मान तथा सम्बोधन गर्न पदेन पदाधिकारी प्रदान गरिनेछ। पदेन पदाधिकारीहरुमा, भाषिक संस्थाको बहालवाला अध्यक्षहरु, पदेन उपाध्यक्ष, भ्रातृ संस्थाको प्रतिनिधिहरु पदेन सदस्य र निवर्तमान अध्यक्ष प्रमुख सल्लाहकार पदमा रहनेछ। पदेन पदाधिकारीहरुलाई बैठकमा प्रस्ताव तथा मताधिकार राख्न दिईने छ तर  गणपुरक संख्यामा गणना गरिने छैन।

पदेन पदाधिकारीहरुलाई पहिलो बैठक बस्न अगावै पत्रमार्फत पदेन पद प्रदान गरेको तथा काम, कर्तब्य र अधिकार जानकारी गराईने छ। पदेन पदाधिकारीहरुलाई उम्मेद्वार शुल्क लाग्ने छैन।

## ५. कार्यसमितिको काम, कर्तव्य र अधिकारक्षेत्र :

1. दैनिक प्रशासकीय कार्य संचालन गर्ने।
2. नियमित बैठक बसी यस संस्थाको उद्देश्य अनुसार र अधिवेशनले निर्देशित गरे मुताविक नीति निर्माण गर्ने वार्षीक कार्ययोजना तर्जुमा गर्ने र वार्षीक वजेट कार्यन्वयन गर्ने।
3. संस्थाका प्रत्येक सरोकारका विषयहरुमा छलफल गर्दै विधान वमोजिम निर्णयहरु गरी कार्यान्वयन गर्ने।
4. कार्यन्वयन भएका कामहरुको अनुगमन गर्ने।
5. अधिवेशनको आयोजना गर्ने, संशोधनका लागि प्रस्तावित विधान तयार गर्ने, आर्थिक तथा सांगठनिक प्रतिवेदन तयार गर्ने लगायतका सम्पूर्ण तयारीहरु गरी अधिवेशन सम्पन्न गर्ने।
6. यस संस्थाको कामलाई प्रभावकारी वनाउन आफ्नो मातहतमा रहने गरी विभिन्न विभाग तथा क्षेत्रीय समितिहरु गठन वा अनावश्यक ठानेमा विघटन गर्ने।
7. गठन गरिएका विभिन्न विभाग तथा क्षेत्रीय समितिहरुको काम कर्तव्य, अधिकार र पदावधि तोक्ने।
8. कार्यसमितिका पदाधिकारी, विभिन्न विभाग, क्षेत्रीय समितिका पदाधिकारी वा सल्लाहकार वा सदस्य उपर उजुरी परेको खण्डमा सो उपर छलफल गरी अन्तिम निर्णय दिने।

## ६. पदाधिकारी हुन चाहिने योग्यता :

1. यस विधानले परिभाषित गरेको किरात धर्ममा आस्था राख्ने, बहालवाला साधारण, आजीवन सदस्य।
2. यस विधानले कुनै किसिमले रोक नलगाएको सदस्य।

## ७. अध्यक्ष हुन चाहिने योग्यता

1. किराया हङकङको कार्यसमितिमा १ कार्यकाल पुरा गरेको ब्यक्ति वा,
2. किराया हङकङमा अनुबन्धित भएका भाषिक संस्थाको सदस्य भई आफ्नो संस्थाबाट अध्यक्षकोलागि प्रस्ताव आएको ब्यक्ति वा
3. किराया हङकङमा अनुबन्धित भएका भाषिक संस्थाहरुको ५१ प्रतिशत सर्मथन प्राप्त ब्याक्ति तथा
4. आर्थिक तथा फौजदारी अभियोग नलागेको ब्यक्ति।

## ८. कार्यसमितिको विघटन

देहायको स्थितिमा कार्यसमिति विघटन हुने छ।

1. कार्यसमितिका मध्येबाट कम्तिमा ३० प्रतिशत पदाधिकारीहरुले कार्यसमिति समक्ष लिखित रुपमा कार्यसमितिको विघटन गर्ने मागसहितको आवेदन दिएमा सो उपर कार्यसमितिको नियमित बैठकमा छलफल गर्न पर्नेछ। यसरी छलफल हुँदा कार्यसमितिको कुल संख्याको २/३ बहुमतले कार्यसमिति विघटन गर्ने राय दिएमा कार्यसमिति स्वत: विघटन हुनेछ।
2. विधानको परिच्छेद (५) धारा १ (ग) अनुसार पाँचौं पटकसम्म पनि बैठकको गणपूरक संख्या नपुगेमा कार्य समिति विघटन हुनेछ। यसरी कार्यसमिति विघटन भएमा विघटन हुने निर्णय भएको मितिले ४५ दिनभित्र अर्को अधिवेशन आयोजना गरी नयाँ  कार्यसमिति गठन गरिसक्नु पर्नेछ। साथै, अधिवेशन हुने अवधिसम्मको लागि सोही कार्यसमितिले नै नियमित कार्यहरु गर्नेछ। तर, दीर्घकालिन रुपमा संस्थालाई असर पुरयाउने खालका कार्य र निर्णयहरु भने गर्न पाउने छैन।
3. कार्यसमिति विघटन भएको खण्डमा सो मातहतका सबै विभाग तथा क्षेत्रीय समितिहरु समेत स्वत: विघटन भएको मानिने छ।

## ९. पद रिक्तता

### क. खारेजी

1. पूर्व सूचना वा उचित कारण बिना कार्यसमितिको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा।
2. आर्थिक अनियमितता, नैतिक पतन वा संस्थाको हित विपरित कुनैपनि गतिविधिहरु गरेको भनी प्रमाणित हुन आएमा।
3. कार्यसमितिले तोके बमोजिमको नियमित मासिक शुल्क लगातार छ महिनासम्म नबुझाएमा।
   तर यसरी खारेज गर्दा सम्बन्धित व्यक्तिलाई सुनवाइको मौकाबाट बञ्चित भने गरिने छैन।

### ख. राजिनामा

1. कार्यसमितिको कुनै पनि पदाधिकारीले अध्यक्ष समक्ष र अध्यक्षले कार्यसमिति समक्ष आफ्नो पदबाट राजिनामा पेश गर्न सक्ने छ।
2. राजिनामा पत्रमाथि छलफल एवं जाँचबुझ गरी स्वीकृत गर्ने वा नगर्ने भन्ने कुराको अन्तिम फैसला कार्यसमितिको बैठकले गर्नेछ। कूल पदाधिकारीको दुई तिहाई बहुमतले राजिनामा स्वीकृत गर्ने निर्णय गरेमा सो लागू हुनेछ।
3. राजिनामा पेश भएको मितिले दुई महिनाभित्र स्वीकृत भए वा नभएको कुराको जानकारी समितिले सम्बन्धित पदाधिकारीलाई गराउनु पर्नेछ।

### ग. हङकङ छोडेमा

कुनै पदाधिकारीले स्थाई रुपले हङकङ छोडेमा।

### घ. संस्थाको सदस्य नरहेमा

कुनै पदाधिकारी यस विधान अनुसार सदस्य नरहने अवस्था सृजना भएमा।

## १०. पदपूर्ति :

1. कार्यसमितिको कुनैपनि पदाधिकारीको पद रिक्त हुन आएमा समितिको बहुमत निर्णयले पदपूर्ति गर्न सक्नेछ।
2. सदस्य बाहेकका अन्य पदहरु रिक्त हुन आइ सो पदपूर्ति गर्ने क्रममा समितिको अर्को पद रिक्त हुन आएमा माथि (क) को विधि अनुसारै हुनेछ।
3. रिक्त स्थानमा पदपूर्ति गरिएको पदाधिकारीको पदावधि समितिको बाँकी अवधिसम्म कायम रहनेछ।

## ११. निमावली बनाउने

यस संस्थाको विधानसंग नवाझिने गरी कार्यसमितिले आवश्यकता अनुसार विभिन्न निमावलीहरु बनाई लागू गर्न सक्नेछ। कार्य समितिले अनुमोदन गरेका नियमावलीहरु साधारण सभा वा अधिवेशनमा अनुमोदन गर्नुपर्नेछ। किराया हङकङमा निम्न नियमावली रहेकोछ।

1. बैठक नियमावली (१)
2. कोष नियमावली (२)
3. कार्यक्रम नियमावली (३)
4. विविध नियमावली (४)
5. विभाग नियमावली (५)
6. भाषीक/भात्री नियमावली (६)
7. प्रतिष्ठान नियमावली (७)
8. सामुहिक चुला नियमावली (८)

**परिच्छेद (४)**

## १. अध्यक्षको काम, कर्तव्य र अधिकार :

1. कार्य समितिको बैठकको अध्यक्षता गर्ने।
2. बैठकमा कुनै विषय उपर मत विभाजन भएमा निर्णायक मत दिने।
3. संस्थाको उद्देश्य प्रतिकुल नहुने गरी विभिन्न सन्धि, सम्झौता आदिमा हस्ताक्षर गर्ने।|
4. आवश्यकता अनुसार तोक आदेश आदि जारी गर्ने।
5. आकस्मिक बैठक बोलाउनु पर्ने भएमा महा सचिवलाई निर्देशन दिने।
6. संस्थाको प्रमुखको हैसियतमा अन्य भूमिका निभाउने।
7. किरात राई अन्तराष्ट्रिय समन्वय समितिसंग समन्वय गर्ने।
8. संस्थाको बिभागिय जिम्मेवारीहरु पुरा गर्ने।

## २. प्रमुख उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

1. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।
2. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नपर्ने सम्पूर्ण काम गर्ने।
3. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारीहरु पुरा गर्ने।

### ३. पदेन उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

1. भाषिक वा भात्री संस्थाको प्रतिनिधि गर्ने।
2. भाषिक वा भात्री संस्थाको तर्फबाट प्रस्ताव तथा सुझाव प्रदान गर्ने।
3. अध्यक्षले पठाएको बिभिन्न संस्थामा प्रतिनिधि गर्ने।
4. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।

### ४. महासचिवको काम, कर्तव्य र अधिकार :

1. संस्थाको महत्वपूर्ण  कागजातहरुको सुरक्षा गर्ने।
2. अध्यक्षको स्विकृती लिई संस्थाको महत्वपुर्ण कागजातमा सहीछाप गर्ने।
3. किराया हङकङको आवश्यक पर्ने प्रेश ब्यक्तब्य आदि निकाल्ने, सम्प्रेशन गर्ने।
4. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।
5. संस्थाको प्रवक्ताको रुपमा कार्य गर्ने।

### ५. सचिव को काम र अधिकार:

1. कार्यसमितिको बैठक बोलाउने।
2. बैठक सञ्चालन गर्ने।
3. छलफल गर्नपर्ने विषयहरु बैठकमा प्रस्तुत गर्ने।
4. निर्णयहरुको अभिलेख राख्ने।
5. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।

### ५. सहसचिवको काम, कर्तव्य र अधिकार :

1. सचिवको अनुपस्थितिमा बैठक संचालन गर्ने।
2. सचिवको अनुपस्थितिमा सचिवले गर्नुपर्ने सम्पूर्ण काम गर्ने।
3. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।

### ७. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

1. चल, अचल, नगद जिन्सि सम्पूर्ण हरहिसाब राख्ने।
2. समितिको आय व्यय विवरण बैठकमा प्रस्तुत गर्ने।
3. कार्यसमितिले चाहेको बेला आयव्याय विवरण प्रस्तुत गर्ने।
4. कार्यक्रमको अनुमानित बजेट तयार गरि बैठकमा पेश गर्ने।
5. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।

### ८. सह–कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

1. कोषाध्यक्षको कार्यमा सहयोग पुर्‍याउने।
2. कोषाध्यक्ष अनुपस्थितिमा कोषाध्यक्षले गर्नुपर्ने सम्पूर्ण काम गर्ने।
3. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।

### ९. सदस्यहरुको काम, कर्तव्य र अधिकार :

1. बैठकमा भाग लिने।
2. सहमतिमा निर्णय गर्ने।
3. कार्यसमितिले दिएको अन्य बिभागिय जिम्मेवारी पुरा गर्ने।

**परिच्छेद (५)**

### १. बैठक:

1. कार्यसमितिको बैठक कम्तिमा दुई महिनाको एक पटक बस्नेछ। विशेष परिस्थिति सृजना भएमा अध्यक्ष र सचिवको सल्लाह अनुसार जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ।
2. कूल पदाधिकारीहरुको ५१ प्रतिशत भन्दा माथिको उपस्थितिलाई बैठकको गणपूरक संख्या मानिनेछ।
3. गणपूरक संख्या नपुगी तीन पटकसम्म लगातार बैठक स्थगित भएमा चौथो पटक जतिजना पदाधिकारीहरु उपस्थित भए पनि त्यसैलाई गणपूरक संख्या मानी बैठक संचालन गरी नियमित बैठक सोसरह निर्णयहरु गर्न सक्नेछ । त्यसपछि पाँचौ पटक पनि लगातार गणपूरक संख्या नपुगेमा विधानको परिच्छेद (३) धारा ९ (ख) को स्थिति सिर्जना भएको मानिने छ।
4. बैठक, बैठक नियमावली (१) अनुसार संचालन हुनेछ।

### २. साधारण सभा

कार्य समितिले आम सदस्यहरुलाई कम्तिमा १ महिना अगावै सूचित गरी हरेक बर्षको मार्च महिनामा साधारण सभा गर्नेछ। यसरी आयोजना गरिएको भेलामा समितिले गरेको कामहरुको लेखाजोखा गर्ने तथा कार्य समितिको कामलाई प्रभावकारी बनाउन बार्षीक कार्ययोजना प्रस्तुत गरिने छ।

## ३. अधिवेशन :

अधिवेशन यस संस्थाको सर्वोच्च निकाय रहने छ।

1. अधिवेशन प्रत्येक तिन वर्षमा एक पटक सम्पन्न हुनेछ।
2. यस संस्थाका साधारण, आजीवन र संरक्षक सदस्यहरुमात्र अधिवेशनको प्रतिनिधि हुनेछन्।
3. अधिवेशन हुने समय मिति र स्थान कार्यसमिति ले कम्तिमा १ महिना अगावै सार्वजनिक सूचना प्रकाशित गरी सुसूचित गराउनु पर्नेछ।
4. अधिवेशनले संस्थाको उद्देश्य अनुरुप विभिन्न नीति एवं कार्यक्रमहरु तर्जुमा गर्नाको साथै विधान संशोधन गर्न सक्नेछ।
5. अधिवेशनले पुरानो कार्यसमिति ले गरेको कामहरुको समीक्षात्मक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पारित गर्नेछ।
6. अधिवेशनले नया कार्यसमिति चयन गर्नेछ।

## ४. विशेष अधिवेशन :

निम्न परिस्थिति उत्पन्न भएमा विशेष अधिवेशन हुनेछ। विशेष अधिवेशन सम्पन्न हुने प्रकृया पनि नियमित अधिवेशनको जस्तै हुनेछ।

1. नियमित अधिवेशनमा मुख्य पदसहित ५१ प्रतिशत पदाधिकारी चयन हुन नसकेमा। यस स्थितिमा प्रतिनिधिहरुमध्येबाट कम्तिमा ५ सदस्यीय विशेष अधिवेशन तयारी समिति गठन गरिने छ। उक्त समितिले ढिलोमा एक महिनाभित्र विशेष अधिवेशन गर्ने छ। नियमित अधिवेशनबाट अध्यक्ष र सचिवसहित कम्तिमा ५१ प्रतिशत पदाधिकारी अनिवार्य चयन हुनुपर्ने छ। बाँकी पदाधिकारी कार्यसमितिले चयन गर्ने छ।
2. संस्थाको कार्यसमिति को बैठकमा लगातार पााचौ पटकसम्म पनि गणपूरक संख्या नपुगेमा। यस स्थितिमा सल्लाहकार समितिसहित बैठक आह्वान गरी विशेष अधिवेशन आयोजक समिति गठन गरिने छ। उक्त समितिले गठन भएको तीन महिनाभित्र विशेष अधिवेशन बोलाउने छ।
3. कार्यसमिति वा पदाधिकारी विरुद्ध महाअभियोग दर्ता भएमा। महाअभियोग दर्ता भएपछि सो प्राप्त भएको मितिले तीन महिनाभित्र कार्यसमितिले विशेष अधिवेशनको आयोजना गर्नु पर्नेछ।

## ५. अधिवेशन हुन नसकेमा :

1. विशेष कारणवश कार्यसमिति ले यस विधानमा तोकेको अवधिभित्र अधिवेशन सम्पन्न गर्न नसकेमा अधिवेशन सम्पन्न गर्नपर्ने दिनदेखि तीन महिना नबढाई अधिवेशनको मिति तोकी सो अनुसार अधिवेशनको प्रकृया अघि बढाई अधिवेशन सम्पन्न गर्न पर्नेछ।
2. विधानको परिच्छेद (५) धारा ३ (ग) अनुसार मिति नतोके अथवा मिति तोकेर पनि तोकिएको मितिभित्र अधिवेशन सम्पन्न गर्न नसके तत्कालिन कार्यसमिति स्वत विघटन भएको मानिने छ।
3. विधानको परिच्छेद (५) धारा ५ (ख) को परिस्थिति सृजना भएमा संरक्षक परिषदले अधिवेशन सम्पन्न गर्नका निमित्त पहल गर्ने छ । अधिवेशनको लागि संरक्षक परिषदले कम्तिमा ५ सदस्यीय अधिवेशन आयोजक समिति गठन गर्ने छ। उक्त समितिले ढिलोमा एक महिनाभित्र अधिवेशन गर्ने छ।
4. यसरी नया कार्यसमिति निर्वाचित भइ सकेपछि भने अघिल्लो कार्यसमितिका पदाधिकारीहरुको साथमा रहेको यस संस्थाका चल–अचल सम्पत्तिहरु व्यक्तिगत ऋण सरह अशुल उपर गरेर लिनु पर्नेछ । अन्य प्रचलित कानुन अनुसार हुने कुराहरुको हकमा भने सोही अनुसार हुनेछ।
5. देश भित्र आन्तरिक कलह, विश्व युद्ध, महामारी आदि विशेष परिस्थिति श्रृजना भई अधिवेशन गर्न नसक्ने अवस्था आएमा संरक्षक परिषदको बहुमतले सोही कार्य समितिलाई १ बर्षको थप कार्यकाल बढाई दिन सक्नेछ।

**परिच्छेद (६)**

## १. आर्थिक श्रोत तथा कोषको व्यवस्था

यस संस्थाको देहायबमोजिमको कोष रहनेछ।

### क. साधारण कोष

देहायबमोजिम श्रोतहरुबाट प्राप्त हुने नगद वा जिन्सी यस संस्थाको साधारण कोष मानिनेछ। जुन दैनिक कार्य सचालनका निमित्त कार्यसमितिले खर्च गर्न सक्नेछ। तर बर्तमान कार्य–समितिले आर्थिक प्रतिबेदन प्रस्तुत गर्दा, नि–बर्तमान कार्य–समितिले अघिल्ला अधिवेशनमा पेश गरी सकेको साधरण कोष भन्दा कम कोष, विशेष परिस्थिती वाहेक, प्रस्तुत गर्न पाइनेछैन।

1. साधारण सदस्यता वितरणबाट प्राप्त हुने शुल्क।
2. साधारण सदस्य नवीकरणबाट प्राप्त हुने शुल्क।
3. पदाधिकारीहरुबाट संकलन हुने मासिक शुल्क।
4. विविध कार्यक्रमहरुबाट संकलन भएको रकम।
5. विभिन्न सामाग्रीहरुको बिक्री बितरणबाट प्राप्त हुने रकम।
6. यस संस्थालाई विविध किसिमले प्राप्त भएको रकम।
7. अक्षयकोषबाट प्राप्त ब्याज

### ख. विशेषकोष

विशेष प्रयोजन वा कार्यको लागि भनेर संकलन गरेको चन्दा, पुरस्कार तथा सहयोग रकम यस संस्थाको विशेषकोष मानिनेछ। जुन दैनिक कार्य सचालनका निमित्त प्रयोग नगरि जे का लागि संकलन गरेको हो सोही प्रयोजन वा कार्यको लागि मात्र संचालक समितिले खर्च गर्न सक्नेछ। बिशेषकोष नियमावली बनाई बिभन्नि बिशेषकोषहरु निर्माण गर्न सक्नेछ।

## ग. किराया अक्षयकोष

एक कार्यकाल सकिएपछि सो कार्यकाल भित्र गरेको आम्दानीमा खर्च कटाई बाँकी रहेको मुनाफा को ७५ प्रतिशत किराया अक्षयकोषमा जम्मा गरिदिन पर्दछ। यो कोषको मुलधन खर्च गर्न पाइने छैन । यसबाट प्राप्त ब्याज मात्र नया कार्यसमितिले खर्च गर्न सक्नेछ।

थप कोषहरु कोष नियमावली (२) अनुसार हुनेछ।

## २. अक्षयकोष निछेप

अक्षयकोष निश्चित समय अवधीको लागी समितिको कार्यकाल नसकुन्जेल सम्म कुनै पनि विश्वासीलो वित्तिय संस्थामा समितिको बहुमतको निर्णयले निछेप राख्न सकिनेछ।

## ३. बैंकखाता संचालन:

1. यस संस्थाको नाममा छुट्टै बैंक खाता संचालन गरिनेछ।
2. कार्यसमितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको मध्ये कुनै दुई व्यक्तिहरुको हस्ताक्षरबाट रकम निकासा गर्न सकिने छ।
3. विशेष परिस्थिति सृजना भएको खण्डमा कार्यसमितिको बैठकको निर्णयद्वारा अन्य पदाधिकारीहरुको नामबाट समेत बैंक खाता संचालन गर्न सकिने छ।

## ४. लेखा प्रणाली तथा लेखा परीक्षण

किरात राई यायोक्खा च्यारिटेबल संस्था रहेकोले हरहिसाबलाई पारदर्शी बनाउन कागजी लेखा प्रणालीको प्रयोग नगरि कम्प्युटर लेखा प्रणालीको प्रयोग गरिने छ । संस्थाको आय–व्ययलाई पारदर्शी एवं व्यवस्थित ढंगले परिचालन गर्नका लागि हरेक वर्ष मान्यता प्राप्त निकायबाट लेखा परीक्षण गरिने छ।

**परिच्छेद (७)**

## १. सचिवालय

संस्थाको आकस्मिक कार्य संचालन गर्नको लागि ७ सदसिय सदस्य रहेको एक सचिवालय गठन गरिने छ । आकस्मिक बैठक बस्न परेमा सचिवालय बैठक बसि निणर्य गर्न सक्ने छ। तर सचिवालयले निर्णय गरेका प्रस्तावहरु कार्यसमितिको बैठकमा अनुमोदन गराउनु पर्ने छ।सचिवालयमा निम्न सदस्य रहनेछ।

1. अध्यक्ष
2. सहउपाध्यक्ष
3. महासचिव
4. सचिव
5. कोषाध्यक्ष
6. सहसचिव
7. सहकोषाध्यक्ष

## २. Official Directors

किराया कार्यसमितिका अध्यक्ष, महासचिव र कोषाध्यक्ष Kirat Rai Association Hong Kong Limited को Official Directors रहने छ। Offucial Directirs को काम, कर्तब्य र अधिकार निम्न रहनेछ।

1. अधिवेशन भए पश्चात २१ दिन भित्र कम्पनी रजिष्ट्रारमा New Board of Directors दर्ता गर्नु पर्दछ।
2. New Board of Directors दर्ता गराएपछि Bank मा New Signatories परिवर्तन गर्नु पर्दछ।
3. संस्थाको Audit Report र Annual Return प्रत्येक बर्षको ९ अगष्ट भित्र कम्पनी रजिष्ट्रारमा बुझाउनु पर्दछ।
4. बिभिन्न सम्झौतामा हस्ताक्षर गर्नु पर्दछ। हङकङ सरकारको जवाफदेही हुनु पर्दछ।

## ३. बार्षिक कार्यक्रम :

बार्षिक कार्यक्रम, कार्यक्रम नियमावली (३) अनुसार गरिने छ।

## ४. विभाग गठन :

विभाग गठन तथा संचालन विभाग नियमावली (५) अनुसार हुनेछ।

## ५. भाषीक/भ्रातृ संस्था :

भाषिक अनुबन्धन दिँदा वा भात्री सम्बन्धन दिँदा भाषीक/भ्रातृ संस्था नियमावली (६) अनुसार प्रदान गरिनेछ।

## ६. सामुहिक चुला

सामुहिक चुला, सामुहिक चुला नियमावली (८) अनुसार सञ्चालन गरिनेछ।

परिच्छेद (८)

## १. संरक्षक परिषद

यस संस्थाका भुतपुर्व अध्यक्षहरु संरक्षक परिषदमा रहनेछ। किराया हङकङको पछिल्लो भु.पु.अध्यक्ष प्रमुख संरक्षक रहनेछ । परिषदको काम, कर्तब्य र अधिकार निम्न रहेकोछ।

1. किरात राई यायोक्खा हङकङको संरक्षण गर्नु।
2. किराया हङकङको साधारण सभा/ अधिवेशन/ निर्वाचन विधान अनुसार गर्न लाउनु।
3. किराया हङकङको विधानको पालन गर्न लाउनु।
4. किराया कार्यसमितिले विधान सम्मत कार्य गरे वा नगरेका हेर्नु।
5. विधान संसोधन गर्न परे आवश्यक सुझाव सल्लाह प्रदान गर्नु।
6. अधिवेशनमा निर्वाचन नहोस भनि उम्मेद्वारहरुमा समन्वय गर्नु।
7. किराया हङकङको कार्यसमितिमा अयोग्य ब्यक्तिहरुलाई प्रवेश रोक लगाउनु।

## २. सल्लाहकार परिषद ~~समिति~~

कार्यसमितिलाई आवश्यकीय सुझाव र सल्लाह दिनको लागि निवर्तमान अध्यक्ष प्रमुख सल्लाहकार रहने गरि भुतपुर्व पदाधिकरीहरु तथा आजिवन सदस्यहरुमध्येबाट आवश्यक्ता अनुसार वढीमा ५ सदसिय सल्लाहकार परिषदको गठन गरिने छ। परिषदको काम, कर्तब्य र अधिकार निम्न रहेकोछ।

1. कार्यसमितिको बैठकमा उपस्थित हुनु।
2. बैठकलाई आवश्यक सल्लाह र सुझावहरु दिनु।
3. बैठकलाई परिणाममूलक बनाउन सहयोग गर्नु।
4. विभागहरुलाई सहयोग गर्नु।
5. संस्थाको बृहत्तर हितका निम्ति कार्य गर्नु।

## ३. किरात राई प्रज्ञा प्रतिष्ठान

किरात राई प्रज्ञा प्रतिष्ठान, प्रतिष्ठान नियमावली (७) अनुसार गठन हुनेछ।

## ४. भाषिक परिषद

यस संस्थाबाट अनुबन्धन प्राप्त भाषिक संस्थाका बहालवाला अध्यक्षहरु भाषिक परिषदमा रहने छन।

## ५. संयोजक परिषद

विभागीय संयोजकहरु संयोजक परिषदमा रहनेछ।

## ६. भुपु पदाधिकारीलय

यस संस्थाका भुपु पदाधिकारीहरु, भुपु संयोजकहरु, भुपु सल्लाहकारहरु जुनसुकै क्षेत्रमा रहि आफ्नो कार्यकाल पुरा गरेका किरात राईहरु भुपु पदाधिकारीलयमा रहनेछ।

## ७. आजिवन सदस्यलय

यस संस्थाका आजिवन सदस्यहरु आजिवन सदस्यलयमा रहने छ।

परिच्छेद (९)

## १. सधारणसभा/ अधिवेशन/ निर्वाचन समिति

संरक्षक परिषदका कम्तिमा ३ सदस्य भएका सधारणसभा/ अधिवेशन/ निर्वाचन समिति रहनेछ।समितिले निम्न कार्यहरु गर्नेछन।

1. समितिले सधारणसभा/ अधिवेशन/ निर्वाचन सञ्चालन गर्ने छ।
2. नवनिर्वाचित समितिलाई सपथ ग्रहण गराउने छ।

## २. विधान संशोधन

विधान संशोधन गर्नु परेमा किरात राई यायोक्खा हङकङको अध्यक्षतामा किराया सचिवालय, संरक्षक परिषद, सल्लाहकार परिषद र भाषिक परिषदको कुनै एक पदाधिकारीको संयोजकत्वमा विधान संशोधन मस्यौदा समिति गठन गरिने छ। समितिले तयार पारेको विधान मस्यौदा बैठकमा छलफल गरी आवश्यकीय हेरफेर गरी संशोधनको लागि अधिवेशनमा प्रस्तुत गर्नु पर्नेछ। अधिवेशनको बहुमतले पारित गरेपछि विधान संशोधन भई तुरुन्त लागू हुनेछ।

## ३. यायोक्खा हङकङको विघटन

यो संस्था विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणले विघटन गर्नुपर्ने अवस्था आइपरेमा सम्पूर्ण चल–अचल सम्पत्तिको लागि बहालवाला सदस्यहरुको भेलाले किरात राई यायोक्खा हङकङ दर्ता भएको ऐनकानुन बमोजिमको प्रक्रिया अघि बढाउने छ।

## ४. निस्क्रियता

यस विधानमा उल्लेखित कुनै पनि विषय प्रचलित हङकङको सामाजिक ऐनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ।

## ५. व्याख्या

यस विधानमा उल्लेखित कुनै शव्द वा वाक्य अस्पष्ट भएमा सो कुराको व्याख्या गर्ने अधिकार कार्यसमिति वा कार्यसमितिले तोकेको व्यक्तिमा रहने छ।

## ६. महाअभियोग

कूल साधारण, आजीवन र संरक्षक सदस्य संख्याको २५ प्रतिशतले कार्यसमितिका पदाधिकारी वा सिङ्गो कार्यसमितिलाई महाअभियोग लगाउन सक्ने छ। यस अवस्थामा विशेष अधिवेशन बोलाइने छ।

## ७. सपथ ग्रहण

किरात राई यायोक्खाको कार्यसमिति वा अधिवेशन आयोजक समिति वा क्षेत्रीय समितिहरु लगायत कुनै पनि विभागहरुमा चयन भएका पदाधिकारीहरुले यस विधानको अनुसूचि ३ अनुसारको सपथ ग्रहण गर्नु पर्नेछ। यसरी सपथ ग्रहण गर्दा अधिवेशनबाट निर्वाचित पदाधिकारीहरुले अधिवेशन हल समक्ष सपथ ग्रहण गर्नपर्ने हन्छ र पछि मनोनित तथा आयोजक समितिमा चयन भएको नयाँ पदाधिकारीले भने समितिको बैठक समक्ष सपथ ग्रहण गर्नु पर्नेछ। कुनै पनि विभाग वा क्षेत्रीय समितिमा चयन भएका पदाधिकारीहरुले भने सो समारोहमा उपस्थित कार्यसमितिको पदाधिकारीसमक्ष सपथ लिनु पर्नेछ।

**(समाप्त)**

# **बैठक नियमावली (१)**

१६ मार्च १४ (अनुमोदन), १ अप्रिल २०१८ (संसोधन)

**परिच्छेद १**

## प्रस्तावनाः

किरात राई यायोक्खा हङकङको बैठकलाई ब्यवस्थित संचालन गर्न बैठक नियमावलीको आवश्यक्ता परेको हुनाले यो बैठक नियमावली (१) लेखन गरिएको छ। यो बैठक नियमावली किराया हङकङको बैठकले अनुमोदन गरे पछि लागु हुनेछ। कार्य समितिको बैठकले यस नियमावलीलाई फेर बदल गर्न सक्नेछ तर साधारण सभामा लगि अनुमोदन गर्नु पर्नेछ।

## १. बैठकको सुचना

बैठकको सुचना ७ दिन अगावै दिन पर्नेछ। किराया हङकङले बैठकको सुचना संप्रेशन गर्न "किराया कार्यसमिति" वाट्सएप समुह निर्माण गरिनेछ। यसको एडमिन सचिव रहने छ। यस संजालमा राखेको सुचनालाई आधिकारिक मानिने छ। संजालमा निम्न परिषद, समिति तथा पदाधिकारीहरु रहनेछ। कार्यकाल सके पछि सचिवले नव सचिवलाई एडमिन बनाउनु पर्नेछ।

1. कार्यसमिति
2. संरक्षकहरु
3. सल्लाहकारहरु
4. कुलपति
5. भाषिक अध्यक्षहरु
6. विभाग संयोजकहरु ।

## २. गणपुरक संख्या

बैठकमा माथि धारा १ मा रहेका सबै परिषद सदस्यहरुलाई उपस्थितको लागि निमन्त्रणा गरिने छ। तर उपस्थित भए पनि गणपुरक संख्यामा गणना गरिने छैन। गण पुरक संख्या पुग्न किराया विधानको परिच्छेद (५) धारा १ अनुसार कूल कार्यसमिति पदाधिकारीहरु मध्ये ५१ प्रतिशत भन्दा माथिको उपस्थितिलाई मात्र बैठकको गणपूरक संख्या मानिनेछ।

## ३. बैठक आचार संहिता

बैठक आचार संहिता निम्न रहनेछ।

1. तोकिएको समयमा बैठकमा उपस्थित हुनुपर्ने छ ।
2. बैठकभरी मोबाइल साइलेन्टमा राख्नुपर्नेछ ।
3. बैठकमा एजेन्डा बाहेकका कुराहरुमा छलफल गर्न पाईने छैन ।
4. बैठकमा अरुको कुरा काट्न पाईने छैन । आफ्नो पालो अनुसार बोल्नु पर्नेछ ।
5. बैठकमा कुराहरु दोहोऱ्याउन पाउने छैन । समर्थन/बिमती दिए पुग्नेछ ।
6. बैठकमा समर्थन जनाउन तालि बजाउनु पर्नेछ ।
7. बैठकमा बिमति जनाउन हात उठाउनु पर्नेछ ।
8. बैठकमा गाली गलौज, अपशब्द तथा अभद्र बोली प्रयोग गर्न पाईने छैन ।
9. अनावश्यक कुरा गरेमा अध्यक्षले सभाबाट निष्काशन गर्न सक्नेछ ।
10. बैठक पश्चात सचिवले निर्णय पढेर सुनाउनु पर्नेछ ।
11. सचिवले ७ दिन भित्र लिखित निर्णय कार्यसमिति संजालमा राख्नु पर्नेछ ।
12. निर्णय भएका गोप्य कुराहरु सर्वजानिक गर्न पाईने छैन ।
13. आचार संहिता पालना नगरे बहुमतले समितिबाट निष्काशन गर्न सक्नेछ ।

## ४. बैठक आशन बर्गियताक्रम :

बैठक आशन बर्गियताक्रम निम्न अनुसार रहनेछ।

1. बैठकको अध्यक्ष
2. विशिष्ट ब्यक्तिहरु
    1. कुलपति
    2. प्रमुख संरक्षक
    3. प्रमुख सल्लाहकार
3. विशेष ब्यक्तित्वहरु
    1. संरक्षकहरु
    2. सल्लाहकारहरु
    3. सह अध्यक्ष
    4. उपाध्यक्षहरु
    5. विभाग संयोजकहरु

### खातापाताहरुः

किराया हङकङमा निम्न खातापाता राखिनेछ।

## १. बैठक खाता

बैठक खातामा  बैठक नं, मिति, समय, स्थान, संस्थाको नाम, अध्यक्षको नाम उल्लेख भएको हुनुपर्ने छ। तेसपछि कार्य समितिको नाम र हस्ताक्षर राख्नु पर्नेछ। बिच भागमा प्रस्ताव र प्रस्तावकको नाम लेखिनु पर्नेछ अनि निर्णय भएको कुरा लेखिनु पर्नेछ। त्यसपश्चात कार्य समिति बाहेक अन्यको उपस्थिति छ भने सो उल्लेख गर्न पर्नेछ। यस खाताको अपडेट "किराया कार्यसमिति" संजाल समुहमा गरिने छ। खाताको अद्यावधिक सचिवले गर्ने छ।

## क. बैठक खाताको नमुना

**१. बैठक नं:**

**२. उपस्थितिः**

1. अध्यक्ष
2. प्रमुख उपाध्यक्ष
3. महासचिव
4. सचिव
5. सह सचिव
6. कोषाध्यक्ष
7. सहकोषाध्यक्ष
8. सदस्यहरु

**३. भाषिक परिषदः**

1. चाम्लिङ खाम्बातिम
2. दुमि फन्सिकिम
3. साम्पाङ जुम्लेखा
4. बान्तावा खिम
5. पुमा तुप्खाबाङखाला
6. थुलुङ सामा
7. कोयु/कोयी किम
8. बाहिङ मुलुखिम

**४. अन्य उपस्थितिहरुः**

**५. कोरम:**

कूल पदाधिकारीहरु मध्ये ५१ प्रतिशत उपस्थित भै कोरम पुगेको हुनाले बैठक संचालन गर्न अध्यक्षज्युले अनुमति दिनुभयो ।

**६. पत्रचार:**

कुल पत्र _______ आएको र कुल पत्र _______ गएको  पत्रचार सम्बन्धि सचिवले जानकारी दिनु भयो । आवश्यक पत्रहरुलाई छलफलको लागि प्रस्तावमा लगियो ।

**७. अर्थिक:**

गत बैठकको मौज्दात _____________ तत्पश्चातको आम्दानी ___________ र खर्च _____________ कटाई बाँकी ब्यालेन्स ___________ रहेको कोषाध्यक्षले जानकारी दिनुभयो ।

**८. प्रस्तावहरु:**

**९. निर्णयहरुः**

**१०.  बैठक समापनः**

अन्य प्रस्तावहरु नभएकोले अध्यक्षले बैठक समापन गर्यो ।

## २. गतिविधि खाता

किरात राई यायोक्खा हङकङले गरेका बिविध कार्यक्रमहरुको बिबरण सहित उपस्थित रहेको नामावली सहित गतिबिधि खातामा अभिलेख गरिनेछ। गतिबिधि खातालाई "kiratrai.org" वेभसाईडमा र "किरात राई यायोक्खा हङकङ" फेशबुक पेजमा प्रकाशन गरिने छ । खाताको अधावधिक महासचिवले गर्नेछ ।

## ३. बैठक संचालनको रुपरेखा

आशन ग्रहण

1. आशन बर्गियताक्रम अनुसार
2. बैठक सुरुवात :
    1. कोरम पुगेको बारे जानकारी
    2. बैठक आचार संहिता (आवश्यक भएमा)
3. जानकारी :
    1. पत्र आएको/गएको बारे जानकारी – सचिव
    2. दैनिक आय/ब्याय खाता जानकारी – कोषाध्यक्ष
4. प्रस्ताव बाचन :
    1. प्रस्तावकको नाम सहित – सचिव
    2. अन्य प्रस्ताव भए सोको माग – फ्लोरबाट
    3. आँउदो कार्यक्रमबारे तयारी कार्यसुचि प्रस्तुति
5. छलफल : प्रस्तावारे प्रस्ट्याउने – प्रस्तावकबाट
6. सुझावको मागगर्ने : अध्यक्षलाई छाडी आशन बर्गियताक्रम अनुसार
7. मत प्रकट : अध्यक्षलाई छाडी कार्यसमिति बर्गियताक्रम अनुसार
8. निर्णय : अध्यक्षबाट
9. सभा बिर्सजन – अध्यक्षबाट

**परिच्छेद ३**

## १. बैठक सुचना पत्रको नमुना

श्री किरात राई यायोक्खा हङकङ।
श्री किराया कार्यसमितिका पदाधिकारीज्युहरु, संरक्षकज्युहरु, सल्लाहकारज्युहरु, कुलपतिज्यु, भाषिक अध्यक्षज्युहरु, विभागिय संयोजकज्युहरु।

बिषयः उपस्थितिको लागि हार्दिक अनुरोध।

किरात राई यायोक्खा हङकङको निम्न मिति, समय र स्थानमा निम्न कार्यक्रम गर्न लागि रहेको जानकारी गराउदै उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

कार्यसुचिहरुः

1. .
2. .
3. .

(महासचिव) (अध्यक्ष)

## २. कार्य प्रतिवेदनको नमुना

1. तालिम, प्रकाशन बारे : भाषा, लिपि, साहित्य, बैठक, तालिम, प्रकाशन कहिले, कहाँ, कतिचोटि भए ।
2. संस्कार बारे : गर्भ, जन्म, नौरान, पास्नी, छेवर, मगनी, बिबाह, मृत्यु संस्कार कहिले, कहाँ, कतिचोटि भए ।
3. पुजा आरधना बारेः चुलापुजा, चुलादर्शन, चुलाग्रहण, गृहपुजा, ब्यावसायपुजा, न्वगी, तयमाखियमा दिवस कहिले, कहाँ, कतिचोटि भए ।
4. संस्कृति बारेः उभौली, उधौली, साउने संक्रान्ति, येलेदुङ /माघे संक्रान्ति /स्थापना दिवस, सम्मान कार्यक्रम कहिले, कहाँ, कतिचोटि भए।
5. विविध कार्यक्रम बारे : खेलकुद, यलम्बर साँझ, अन्य कार्यक्रमहरु गरेको तथा अन्य संस्थामा सहभागी कहिले, कहाँ, कतिचोटि भए ।
6. सहयोग, शुभकामना बारे : अर्थिक सहयोग, शुभकामना कहिले, कहाँ, कतिचोटि भए ।
7. सुप्तुलुङ खिम निर्माण बारे : सुप्तुलुङ सहयोग संकलन, सुबिधा/सेवा निर्माण कहिले, कहाँ, कतिचोटि भए।

(समाप्त)

**कोष नियमावली (२)**

**१६ मार्च १४ (अनुमोदन), ६ मार्च २०१६ (संसोधन)**

## प्रस्तावनाः

किराया हङकङको बिधानको परिच्छेद (६) को धारा १ (क), (ख) र (ग) मा कोष सम्बन्धि ब्यावस्था गरेकोछ। अझ यसलाई पुर्ण पारदर्शिता, विवाद रहित तथा अधावधिक बनाउन यो कोष नियमावली (२) प्रस्तावित गरिएको छ। यस कोष नियमावलीमा थप कोषहरु समेत समावेश गरिएकोछ। यो कोष नियमावली (२) किराया हङकङको साधारण सभाले पास गरे पछि लागु हुनेछ। यस कोष नियमावलीमा परिवर्तन किराया हङकङको कार्यसमितिको बैठकले गर्न सक्तछ तर साधारण सभामा लगि अनुमोदन गराउनु पर्नेछ।

**परिच्छेद १**

## १. साधारण कोष

बिधानको परिच्छेद (६) धारा १ (क) मा साधारण सदस्यताबाट तथा विविध कार्यक्रमहरुबाट संकलन भएको रकम साधारण कोषमा पर्दछ। जुन दैनिक कार्य सचालनका निमित्त खर्च गरिने छ।

## २. विशेषकोष

बिधानको परिच्छेद (६) धारा १ (ख) मा विशेष प्रयोजन लागि भनेर संकलन गरेको रकम विशेष कोषमा पर्दछ। जुन दैनिक कार्य सचालनका निमित्त प्रयोग नगरि जे का लागि संकलन गरेको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्न सकिने छ।

यस नियमावलीमा निम्न २ वटा थप कोषहरु निर्माण गरिएको छ।

1. **आपतकालिन बिशेषकोष**
   किरात राईहरुलाई आपतकालिन सहयोग गर्न उठाईने रकम आपतकालिन विशेष कोषमा रहने छ। यस कोषमा जति रकम उठाईन्छ सबै रकम सोहि प्रयोजनमा खर्च गरिन्छ।
2. **सुप्तुलुङ निर्माण बिशेषकोष**
   सुप्तुलुङ निर्माणमा सहयोगगर्ने दाताहरुको सहयोग रकमको ७५ प्रतिशत सुप्तुलुङ निर्माण बिशेष कोषमा रहनेछ। जुन सुप्तुलुङको निर्माण योजनामा खर्च गरिने छ ।

## ३. अक्षयकोष

बिधानको परिच्छेद (६) धारा १ (ग) मा अक्षयकोष भनि निर्माण गरिएको कोष यस संस्थाको अक्षयकोष रहनेछ। जुन कोषको मुलधन खर्च गर्न पाइने छैन। यस बाट प्राप्त ब्याज मात्र जे प्रयोजनको लागि निर्माण गरिएको छ सोही प्रयोजनको लागि मात्र खर्च गर्न सकिने छ।

यस नियमावलीमा निम्न ५ वटा अक्षयकोषहरु थप गरिएको छ।

1. **सुप्तुलुङ मर्मत अक्षयकोष**
   सुप्तुलुङ निर्माण सहयोगगर्ने दाताहरुको सहयोग रकमको २५ प्रतिशत सुप्तुलुङ मर्मत अक्षयकोषमा रहने छ। यस्को मुलधन खर्च गर्न पाईने छैन। यसबाट आउने ब्याज मात्र सुप्तुलुङ मर्मतमा खर्च गरिने छ।
2. **आजिवन सदस्य अक्षयकोष**
   आजिवन सदस्यता वितरणबाट प्राप्त हुने शुल्क यस संस्थाको आजिवन सदस्य अक्षयकोष मानिनेछ। यस्को मुलधन खर्च गर्न पाईने छैन। यसबाट आउने ब्याज मात्र किरात राई यायोक्खा हङकङको दैनिक कार्य संचालन गर्न खर्च गरिने छ।
3. **आपतकालिन सहयोग अक्षयकोष**
   आपतकालिन सहयोग अक्षयकोष भनि उठाएको रकम यस कोषमा रहनेछ। यस्को मुलधन खर्च गर्न पाईने छैन। किरात राईहरुलाई आपतकालिन स्थिति आउँदा यसकोषको ब्याजबाट सहयोग गरिनेछ।
4. **(नाम) स्मृती अक्षयकोष**
   कसैको स्मृती स्वरुप नाउमा एकमुष्ठ रकम जम्मा राखि के का लागि अक्षयकोष निर्माण गरिएको हो नियमावली बनाइ राखिएको कोषलाई (नाम) स्मृती अक्षयकोष मानिनेछ। यस्को मुलधन खर्च गर्न पाईने छैन। यसबाट आउने ब्याज मात्र (नाम)स्मृती अक्षयकोषमा उल्लेख नियमावली भित्र रही खर्च गर्न पाईनेछ।
5. **(नाम) पुरस्कार अक्षयकोष**
   कसैको नाउमा बिशेष क्षेत्रमा पुरस्कार दिन एकमुष्ठ रकम जम्मा गरि अक्षयकोष निर्माण गरेमा त्यो कोषलाई (नाम)पुरस्कार अक्षयकोष मानिनेछ। यस्को मुलधन खर्च गर्न पाईने छैन। यसबाट आउने ब्याज मात्र सो क्षेत्रमा पुरस्कार दिईने छ।

**परिच्छेद २**

## १. दैनिक आयब्याय खाता

कार्य समितिको दैनिक आर्थिक कृयाकलापलाई दुरुस्त राख्न दैनिक खाता राखिनेछ। यस खाताको अधावधिक कोषाध्यक्षले गर्नेछ। हरेक कार्य समितिको बैठकमा दैनिक आयब्याय खाता अनुमोदन गरिने छ।

| आय | | | ब्याय | | |
|---|---|---|---|---|---|
| दिनाङ्क | विवरण | रकम | दिनाङ्क | विवरण | रकम |

## २. नाफा/नोक्सान र वासलात खाता

दैनिक आय/ब्याय खाताको आधारमा आर्थिक बर्षको अन्तिममा नाफा/नोक्सान र वासलात खाता तयार गरिनेछ।

### क. नाफा/नोक्सानखाताको नमुना

| **खर्चहरु** | **आम्दानीहरु** |
|---|---|
| **Cultural, Religious & Social Activities Exp.** | **Cultural, Religious & Social Activities Inc.** |
| *Arts & Literature Exp.* | *Arts & Literature Inc.* |
| *Chula Expenses* | *Chula Income* |
| *Chula Puja (Ubhauli) Exp.* | *Chula Puja (Ubhauli) Inc.* |
| *Chula Puja (Udhauli) Exp.* | *Chula Puja (Udhauli) Inc.* |
| *Condolence Exp.* | *Condolence Inc.* |
| *Convention/AGM Exp.* | *Convention/AGM Inc.* |
| *Deuse Exp.* | *Deuse Inc.* |
| *Donation & Help Exp.* | *Donation & Help Inc.* |
| *Handover & Installation Exp.* | *Handover Installation Inc.* |
| *Language & Script Exp.* | *Language & Script Inc.* |
| *Meeting & Party Exp.* | *Meeting & Party Inc.* |
| *Publication (Other) Exp.* | *Publication (Other) Inc.* |
| *Sakela (Ubhauli) Exp.* | *Sakela (Ubhauli) Inc.* |
| *Sakela (Udhauli) Exp.* | *Sakela (Udhauli) Inc.* |
| *Saune Sakrati Exp.* | *Saune Sakrati Inc.* |
| *Sports & Games Exp.* | *Sports & Games Inc.* |
| *Training & Workshop Exp.* | *Training & Workshop Inc.* |
| *Yalambar Nite Exp.* | *Yalambar Nite Inc.* |
| *Yalambar Smarika Exp.* | *Yalambar Smarika Inc.* |
| *Yeledung Exp.* | *Yeledung Inc.* |
| *_Purchase Exp.* | *_Sales Inc.* |
| **Operating Expenses** | **Other Income** |
| *Accounting Fee Exp* | Donation From Members |
| *Advertisement & Greetings Exp.* | *Bank Interest* |
| *Auditors' Remuneration* | *Interest Received* |
| *Bank Charge Exp.* | *Sundry Income* |
| *Depreciation Exp.* | |
| *Penalty* | |
| *Printing & Stationary Exp.* | |
| *Rent Exp.* | |
| *Repair & Maintenance* | |
| *Secretarial Fee Exp.* | |
| *Sundry Expenses* | |
| *Travelling Exp.* | |
| *Utility Electricity Exp.* | |
| *Utility Gas Exp.* | |
| *Utility Water Exp.* | |
| *Wages Exp.* | |
| *Website Exp.* | |
| ***Nett Profit*** | ***Nett Loss*** |
| **Total** | **Total** |

### ख. वासलात खाताको नमुना

| **दायित्वहरु** | **सम्पतीहरु** |
|---|---|
| *Funds* | *Property, Plant & Equipment's* |
| *Loans* | *Cash & Bank Balance* |
| *Payables* | *Receivables* |
| *Surplus* | *Profit/Loss* |

**३. सम्पती तथा जिन्सी खाता**किरात राई यायोक्खा हङकङको सम्पती तथा जिन्सीहरुको बिबरण राख्न सम्पति तथा जिन्सी खाता राखिनेछ । यस खाताको दुरुस्त सहकोषाध्यक्षले गर्नेछ।

## ४. लेखा परीक्षण खाता –

लेखापरिक्षण खाता हङकङ सरकारको मान्यता प्राप्त लेखा परिक्षकले तयार पार्नेछ। (समाप्त)

**कार्यक्रम नियमावली (३)**

१६ मार्च १४ (अनुमोदन), ६ मार्च २०१६ (संसोधन)

## प्रस्तावनाः

किरात राई यायोक्खा हङकङको उदेश्य प्राप्तगर्न, किरात राईहरुको ब्याक्तिव बिकाश गर्न, जन सहभागिता सृजना गर्न, सृजनशील युवा निमार्ण गर्न, जिवनपयोगि प्रशिक्षण गराउन, किरात धर्म संस्कार संस्कृती प्रती युवा चेतनाको बिकाश आदी गर्न विविध कार्यक्रम बनाईने छ। कार्यक्रमलाई मासिक रुपमा बिभाजन गरि बार्षिक कार्यक्रम (क्यालेण्डर) तयार गरिने छ। कार्यक्रमहरुलाई सफल पार्न कार्यविभाजनहरु गरिनेछ। यसलाई कार्य समितिको बैठकले अनुमोदन गरि लागु गरिने छ।

**परिच्छेद १**

1. अप्रिल (चैत्र/बैसाख) – पदस्थापन/ प्रशिक्षण
2. मे (बैशाख/जेष्ठ) – चुलापुजा, उभौली
3. जुन (जेष्ठ/अषाढ) – भाषा/ साहित्य/ तालिम
4. जुलाई (अषाढ/श्रावन) – बाल तथा प्रौढ कार्यक्रम
5. अगस्ट (श्रावन/भाद्र) – खेलकुद प्रतियोगिता
6. सेप्टेम्बर (भाद्र/असोज) – न्वागी/ तयमा खियमा दिवस
7. अक्टुबर (असोज/कार्तिक) – सांगितिक साँझ/ आर्थिक कार्यक्रम
8. नोभेम्बर (कार्तिक/ मंसिर) – देउसेभैलो
9. डिसेम्बर (मंसिर/पौष) – चुलापुजा, उधौली, स्मारिका प्रकाशन
10. जनवरी (पौष/माघ) – किरात राई सांस्कृतिक मेला
11. फेब्रुअरी (माघ/फाल्गुन) – अन्तरक्रिया/सेमिनार
12. मार्च (फागुन/चैत्र) – साधारणसभा/अधिवेशन

**परिच्छेद ३**

## १. संस्था आशन बर्गियताक्रम :

किराया हङकङले गर्ने विभिन्न सर्वजानिक कायक्रमहरुमा संघ संस्थाको आशन वर्गियताक्रम निम्न अनुसार रहने छ।

1. Chairman: किराया अध्यक्ष
2. Chief Guest: अध्यक्ष किराया नेपाल वा आदिबासी जनजाति महासंघ हङकङ
3. Specific Guest: विशिष्ट अतिथि संस्थाहरु (किरात संस्थाहरु)
    1. किरात याक्थुम चुम्लुङ हङकङ
    2. किरात सुनुवार सेवा समाज हङकङ
    3. किरात याक्खा छुम्मा हङकङ
4. Specific Personalities: विशिष्ट ब्याक्तित्वहरु
    1. कुलपति
    2. प्रमुख संरक्षक
    3. प्रमुख सल्लाहकार
5. Special Guest: बिशेष अतिथि संस्थाहरु (नेपाल प्रतिनिधि संस्थाहरु)
    1. नेपाली महासंघ हङकङ
    2. गैर आवासिय नेपाली संघ हङकङ
    3. नेपाल च्याम्बर अफ कर्मश हङकङ
6. Special Personalities: बिशेष ब्यक्तित्वहरु
    1. संरक्षकहरु
    2. सल्लाहकारहरु
    3. भाषिक अध्यक्षहरु
    1. किरात राई चाम्लिङ खाम्बातिम हङकङ
    2. दुमि किरात राई फन्सिकिम
    3. किरात साम्पाङ राई जुम्लेखा
    4. किरात राई बान्तावा खिम
    5. किरात राई पुमा तुप्खाबाङखाला
    6. किरात थुलुङ सामा
    7. किरात सोदेल कोयु/कोयी कि
    8. किरात बाहिङ मुलुखिम
4. किरात राई अध्यक्ष भएका क्षेत्रिय संघसंस्थाहरु ।
    1. खोटाङ समाज हङकङ
    2. भोजपुर समाज हङकङ
    3. हङकङ तरहरा मंच
    4. धरान १७ समाज हङकङ
    5. फियोना हङकङ
    6. इलाम समाज हङकङ
5. General Guest: आदिवासी जनजाती महासंघ हङकङका सदस्य संस्थाहरु
    1. तमु ट्योहुल हङकङ
    2. मगर समाज हङकङ
    3. तामाङ घेदुङ हङकङ
    4. शेर्पा समाज हङकङ
    5. नेवार समाज हङकङ
    6. थकाली समाज हङकङ
    7. दुरा समाज हङकङ
6. Media:
    1. बगैचा संचार हङकङ
    2. नेपाल खबर डट कम हङकङ
    3. साप्ताहिक ईकान्तिपुर डटकम हङकङ
    7. एभरेष्ट मेडिया, हङकङ
    8. ज्याप फोटो स्टुडियो, हङकङ

(समाप्त)

## विविध नियमावली (४)

९ डिसेम्वर २०१२ (अनुमोदन), २८ फेब्रुअरी २०२१ (संसोधन)

**प्रस्तावनाः**

किरात राई यायोक्खा हङकङले विभिन्न समयमा बैठक बसि अनुमोदन गरेका महत्वपुर्ण निति नियमहरुलाई नियमावलीमा राख्न यस विविध नियमावली (४) निर्माण गरिएकोछ। यसमा उल्लेख भएका निति नियमहरु साधारण सभामा अनुमोदन गरि विधानमा वा नियमावलीहरुमा सारिनेछ।

## १. बिमोचन/लोकार्पण

२०१२ डिसेम्वर ९ बैठक – किरात राई यायोक्खा हङकङको सर्वजनिक कार्यक्रममा कुनै पनि पुस्तकहरुको बिमोचन वा लोकार्पण गर्ने भए ७ दिन अगावै किराया हङकङमा स्विकृतीको लागी आवेदन फारम भर्नु पर्नेछ र किराया हङकङले स्विकृत गरेको खण्डमा मात्र बिमोचन वा लोर्कापण गर्न दिईने छ।

## २. बेच बिखन

२०१२ डिसेम्वर ९ बैठक – किरात राई यायोक्खा हङकङको सर्वजनिक कार्यक्रममा कुनै पनि बस्तुहरुको बेचबिखन गर्ने भए ७ दिन अगावै किराया हङकङमा स्विकृतीको लागी आवेदन फारम भर्नु पर्नेछ र किराया हङकङले स्विकृत गरेको खण्डमा मात्र बेचबिखन गर्न दिईने छ ।

## ३. आर्थिक सहयोग

किरात राईहरुलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ४ मे २०१४ मा किराया हङकङको कार्यसमितिको बैठकले निम्न निर्णय परित गरि साधाराण सभा २०१५ मा अनुमोदन गराई किराया हङकङको निर्देशिका नियमावलीमा समावेश गरेको छ ।

1. हङकङमा बसोबास गर्ने किरात राईहरुलाई सहयोग गर्न परे कार्य समितिको बैठले निर्णय गरि आर्थिक सहयोग प्रदान गर्ने छ ।
2. नेपालमा बसोबास गर्ने किरात राईहरुलाई सहयोग गर्न परे किरात राई यायोक्खा नेपाल केन्द्रिय कार्य समितिको शिफारिस आएमा सहयोग प्रदान गरिने छ ।
3. अन्य देशमा बसोबास गर्ने किरात राईहरुलाई सहयोग गर्न परे किरात राई यायोक्खा नेपालले मान्यता प्रदान गरेका बिदेश राष्ट्र केन्द्रिय समितिको शिफारिस आएमा सहयोग प्रदान गरिने छ ।
4. नेपालमा तथा विदेशमा बस्नेहरुलाई सहयोग गर्नपरे सो देशको केन्द्रिय कार्य समिति मार्फत सहयोग पठाईने छ।

## ४. सुप्तुलुङखिम निर्माण समुह – भाईवर संजाल

२८ फेब्रुअरी २०२१, मा बसेको किराया हङकङको बैठकले "सुप्तुलुङखिम" भाइवर समुहको नाम "सुप्तुलुङखिम निर्माण समुह" राख्ने निर्णय गरेको छ । यस संजालको एडमिन किराया हङकङको "सुप्तुलुङखिम निर्माण विभाग" लाई प्रदान गरेको छ । यस समुहमा विस्वभर छरिएर रहेको सुप्तुलुङ मान्ने किरात राईहरुलाई तथा सुप्तुलुङ खरिद गर्न सहयोग गर्नुहुने सम्पुर्ण सहयोगदाताहरुलाई समेटिने छ । "सुप्तुलुङखिम निर्माण समुह" मा निम्न नियमहरु पारित गरि तत्काल लागुहुने निर्णय गरिएको छ ।

1. यस संजालमा सुचना वा बिज्ञापन निकाल्न सुप्तुलुङ सम्बन्धि वा सुप्तुलुङ खिम सम्बन्धि सुचना हुनु पर्ने छ।
2. असान्दर्भिक सुचना वा बिज्ञापनलाई सुप्तुलुङ निर्माण विभागले तुरुन्त मेटाई दिन सक्नेछ ।
3. मेटाए पनि बाराम्बार असान्दर्भिक सुचना तथा बिज्ञापन निकाल्ने ब्यक्तिलाई सुप्तुलुङ निर्माण विभागले संजालबाट नै निकालि दिन सक्ने छ ।
4. संजाल भित्र कस्लाई राख्ने, कस्लाई निकाल्ने सुप्तुलुङ निर्माण विभागको जिम्मेवारी रहने छ ।
5. यस संजालमा विवाद आए किराया हङकङको निर्णय अन्तिम हुनेछ ।
6. उपरोक्त नियमहरु तत्काल लागु हुनेछ ।

(समाप्त)

## विभाग नियमावली (५)

१६ मार्च १४ (अनुमोदन), १ अप्रिल २०१८ (संसोधन)

परिच्छेद (१)

### प्रस्तावनाः

किरात राई यायोक्खा हङकङलाई ब्यावस्थित संचालन गर्न तथा कार्यसमितिका पदाधिकारीहरुलाई बिभिन्न क्षेत्रहरुमा सक्षम र कुसल बनाउन साथै बिबिध क्षेत्रमा बिशिष्टता हाँसिल गरेका किरात राईहरुलाई किराया हङकङमा समेट्न बिधानको परिच्छेद (९) को धारा १ अनुसार विभाग नियमावली बनाई लागु गर्नुपर्ने आवश्यक्ता देखिएकोले यो विभाग नियमावली (५) बनाई लागु गरिएकोछ। यो नियमावलीमा आवश्यक्ता अनुसार कार्यसमितिको बैठकले परिवर्तन गर्न सक्नेछ तर साधारण सभामा लगि अनुमोदन गराउनु पर्नेछ।

### १. विभागहरुः

किराया हङकङमा नया कार्यसमिति परिवर्तन सहित निम्न १५ वटा विभागहरु गठन गरिने छ । ५ ७ वटा विभागमा निम्न पदाधिकारीहरु स्वत विभाग प्रमुख रहने छ भने बाँकी ८ वटा विभागमा कार्य समितिका सदस्यहरुबाट क्षमताको आधारमा विभाग प्रमुख नियुक्त गरिने छ।

| क्र.सं. | विभागहरु | प्रमुख | संयोजक |
|---|---|---|---|
| 1 | संगठन बिस्तार तथा समन्वय विभाग (Organization Growth & Coordination Depart) | अध्यक्ष | |
| 2 | सुप्तुलुङखिम निर्माण तथा मर्मत विभाग (Suptulungkhim Construction & Renovation Depart) | उपाध्यक्ष | |
| 3 | खेलकुद, संगीत तथा सहित्य विभाग (Sport, Music & Literature Depart) | महासचिव | |
| 4 | कार्यलय संचालन तथा प्रचारप्रसार विभाग (Office Operation & Publicity Depart) | सचिव | |
| 5 | मौलिक संकलन तथा सरसजावट विभाग (Original Collection & Decoration Depart) | सह सचिव | |
| 6 | सम्पती तथा कोष–अभिवृद्धि विभाग (Asset & Fund-Raise Depart) | कोषाध्यक्ष | |
| 7 | सुम्निमा भान्सा तथा खानपान विभाग (Sumnima Kitchen & Food Depart) | सहकोषाध्यक्ष | _ |
| 8 | सिक्रिमा बितरण तथा सेवासत्कार विभाग (Sikrima Distribution & Hospitality Depart) | सदस्य | |
| 9 | बाल, महिला, प्रौढ तथा अतिथि विभाग (Child, Women, Adult and Guest Depart) | सदस्य | |
| 10 | किरात धर्म तथा संस्कार विभाग (Kirat Religion Protection & Ritual Depart) | सदस्य | |
| 11 | शिली संकलन तथा संस्कृति विभाग (Shili Collection & Culture Depart) | सदस्य | |
| 12 | फोहरमैला ब्यावस्थापन तथा सरसफाई विभाग (Waste Management & Sanitation Depart) | सदस्य | |
| 13 | पारुहाङ ढुवानी तथा ओसारपसार विभाग (Paruhang Logistics & Shipping Depart) | सदस्य | |
| 14 | यातायात, रोजगार तथा ब्यावसाय विभाग (Transport, Employment & Business Depart) | सदस्य | |
| 15 | आपतकालिन सहयोग तथा सुरक्षा विभाग (Emergency Help & Security Depart) | सदस्य | |

### २. विभाग गठनको उदेश्य :

1. किराया हङकङको कार्यलाई ब्यावस्थित बनाउन।
2. किराया हङकङमा कार्यरत पदाधिकारीहरुलाई बिभिन्न क्षेत्रहरुमा सक्षम र कुसल बनाउन।
3. विभाग प्रमुखको जिम्मेवारी बहन गर्न दिई कुसल र सक्षम नेत्रित्व प्रदान गर्न सिकाउन।
4. बिभिन्न क्षेत्रको सछम राईहरुलाई विभागको माध्यमबाट संयोजकमा नियुक्त गरि किराया हङकङमा सहभागी गराउन।
5. सहभागी राईहरुको शिप, कला, क्षमतालाई प्रयोग गर्न लगाई अझ विशिष्टता हाँसिल गराउन।
6. किराया हङकङको समग्र उदेश्य पुरा गरि किरात राईहरुको पहिचानलाई उच्च पार्न।

परिच्छेद (२)

### १. विभाग प्रमुखको नियुक्ति

1. अधिवेशन सकेपश्चात पहिलो बैठकमा विभाग बाँडफाँड गरिने छ।
2. विभाग बाँडफाँड गर्दा समितिको सदस्यहरुलाई विभाग छान्न लगाईने छ।
3. हरेक कार्यसामितिको सदस्यहरुले एक एकवटा विभाग हेर्नुपर्ने हुन्छ।
4. विभाग बाँडफाँड गर्दा क्षमताको आधारमा र ईच्छा अनुसार बाँडिने छ।
5. नवनियुक्त विभाग प्रमुखहरुलाई बुझबुझारथको दिनमा नियुक्तिको प्रमाणपत्र प्रदान गरि पदस्थापन गराईने छ।

### २. विभाग संयोजकको नियुक्ति

1. विभाग प्रमुखको शिफारिसमा विभाग संयोजकहरुको नियुक्ति गरिने छ।
2. विभाग प्रमुखहरु जुन भाषिक संस्थाका हुन, विभाग संयोजकहरु उहि भाषिक संस्थाका अध्यक्षलाई नियुक्ति गरिने छ।
3. भाषिक संस्था नभए, प्राज्ञहरुबाट नियुक्त गरिनेछ।
4. प्राज्ञ नभए, जानकार ब्याक्तिलाई प्राज्ञ बनाई बिभाग संयोजक नियुक्ति गरिने छ।

5. विभाग संयोजकमा संरक्षक परिषद र सल्लाहकार परिषदबाट नियुक्ति गरिने छैन।
6. नवनियुक्त विभाग संयोजकहरुलाई बुझबुझारथको दिनमा नियुक्तिको प्रमाणपत्र प्रदान गरि पदस्थापन गराईनेछ।

## ३. विभागिय समिति गठन

विभाग संयोजकले कार्यक्षेत्र हेरि विभागिय समिति गठन गर्न सक्ने छ । विभागिय समिति गठन गर्दा हरेक पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार तोकि नियुक्ति पत्र दिनु पर्ने छ र किराया हङकङमा अनुमोदन गराउनु पर्ने छ। किराया हङकङले अनुमोदन गरे पश्चात यो समिति सम्बन्धित क्षेत्रमा पुर्ण स्वयत्ता प्राप्त निर्णय गर्न सक्ने अधिकार सहितको विभागिय समिति हुनेछ ।

## ४. विभागिय समितिको संरचना :

विभागिय समितिको संरचना निम्न अनुसारको हुनेछ । विभागिय समितिको कार्यकाल किराया हङकङको कार्यसमितिको कार्यकाल रहन्जेल सम्म रहने छ ।

| | |
|---|---|
| विभाग प्रमुख | विभाग संयोजक |
| कार्यकारी विभागीय सचिव | विभागीय प्रबन्धक |
| उप संयोजकहरु | प्रविधिकहरु |

## ७. विभागिय बैठकको अध्यक्षता

1. विभागिय बैठकको अध्यक्षता विभाग संयोजकको अध्यक्षतामा, किराया हङकङको अध्यक्ष वा विभाग प्रमुखको उपस्थितिमा, विभागीय सचिवले बैठक संचालन गर्नेछ।

## ८. विभागिय कार्यक्रमको अध्यक्षता

1. ~~विभागिय कार्यक्रमको अध्यक्षता विभाग संयोजकको अध्यक्षतामा, विभाग प्रमुखको रोहबरमा र किराया हङकङको प्रमुख आतिथ्यमा विभागीय सचिवले कार्यक्रम संचालन गर्नेछ।~~
2. विभागिय कार्यक्रमको अध्यक्षता किराया हङकङको अध्यक्षतामा, विभाग संयोजकको मुल संयोजकत्वमा, महासचिव वा सचिव वा विभागिय सचिवले कार्यक्रम संचालन गर्नेछ।

**परिच्छेद (३)**

## १. विभाग प्रमुखको काम, कर्तब्य र अधिकार :

1. विभागको उदेश्य अनुसार कार्य ब्यावस्थापन गर्नु ।
2. विभागको दिर्घकालिन योजना तथा कार्यक्रमहरु बनाउनु ।
3. कार्यक्रमहरुलाई किराया हङकङको क्यालेण्डरमा अपडेट गर्नु ।
4. विभागिय सचिवको अनुपस्थितिमा विभागिय समतिको बैठक संचालन गर्नु ।
5. विभाग संयोजकलाई विभागिय समिति निर्माणगर्न सहयोग पुर्‍याउनु ।
6. विभागिय समितिको कार्य प्रगति, समिक्षा, किराया हङकङमा अपडेट गर्नु ।
7. विभागिय समितिलाई आवश्याक पर्ने सम्पुर्ण ब्यावस्थापकिय कार्यहरु गर्नु ।

## २. विभाग संयोजकको काम, कर्तब्य र अधिकार

1. विभागको उदेश्य अनुसार कार्यक्रम संयोजन गर्नु ।
2. कार्यक्रमलाई बिभिन्न क्षेत्र, उपक्षेत्रमा बिभाजन गर्नु ।
3. कार्यक्रम सम्पन्न गर्न विभागिय समिति निर्माण गर्नु ।
4. उपसंयोजकहरुमा कार्य बाँडफाँड गर्नु ।
5. विभागिय समितिको बैठकको अध्यक्षता गर्नु ।
6. विभागिय समितिको कार्य प्रगति, समिक्षा, संसोधन गर्नु ।
7. मातहातमा रहेका सन्धि, सम्झौतामा हस्ताक्षर गर्नु ।

## ३. उपसंयोजकको काम, कर्तब्य र अधिकार

1. विभाग संयोजकलाई सहयोग गर्नु ।
2. तोकिएको बिशेष क्षेत्रमा कार्य गर्नु ।
3. बिशेष उदेश्य प्राप्तिको लागि कार्य गर्नु ।
4. बैठकमा प्रगति बिबरण प्रस्तुत गर्नु ।
5. बैठकमा प्रस्ताव राख्नु, छलफल गर्नु ।
6. बिशेष कार्यक्रमलाई संयोजन गर्नु ।
7. विभाग संयोजक दिएको अन्य जिम्मेवारीहरु पुरा गर्नु ।

## ४. विभागीय सचिवको काम, कर्तब्य र अधिकार

1. उदेश्य अनुसार कार्य गर्नु ।
2. दैनिक कार्य संचालन गर्नु ।
3. विभागिय समितिको बैठक बोलाउनु ।
4. बैठक सञ्चालन गर्नु ।
5. छलफल गर्नपर्ने विषयहरु बैठकमा प्रस्तुत गर्नु ।
6. निर्णयहरुको अभिलेख राख्नु ।
7. अफिसियल कागजातहरु तयार पार्नु ।

## ५. विभागीय प्रबन्धकको काम, कर्तब्य र अधिकार

1. विभागको उदेश्य अनुसार कार्य गर्नु ।
2. प्राविधिक पक्षहरुको रेखदेख गर्नु ।
3. प्राविधकिहरुको नियुक्ति वा खारेजि गर्नु ।
4. प्राविधिकहरुको तलब, भत्ता, परिश्रामिक दिनु ।
5. समितिको दैनिक हरहिसाब राख्नु ।
6. बिल भौचर लिनु, दिनु, उठाउनु, ताकेता गर्नु ।
7. आय व्यय विवरण बैठकमा प्रस्तुत गर्नु ।

## ६. प्राविधिकहरुको काम, कर्तब्य र अधिकार

1. विभागिय समितिको बैठकमा भाग लिनु ।
2. कार्यक्रमको आवश्यक प्राविधिहरुबारे छलफल गर्नु ।
3. आफुले पाएको जिम्मेवारीको प्रगति बिबरण पेश गर्नु ।
4. कार्यक्रमलाई सफल पार्न महत्वपुर्ण भुमिका खेल्नु ।

## ७. संक्षिप्त कार्य बाँडफाँड

| विभाग | संक्षिप्त कार्य बाँडफाँड |
|---|---|
| संगठन बिस्तार तथा समन्वय विभाग | साउण्ड, लाईटिङ, वाटर, टेबल, कुर्सि, टेन्ट ब्यावस्थापन |
| सुप्तुलुङखिम निर्माण तथा मर्मत विभाग | सुप्तुलुङखिम निर्माण सहयोग संकलन, पुस्तक/पम्प्लेट वितरण |
| खेलकुद, संगीत तथा सहित्य विभाग | स्वंयमसेवक ब्यावस्थापन, फोटो ग्राफि, न्युज रिर्पोटिङ |
| कार्यलय संचालन तथा प्रचारप्रसार विभाग | सुचना, पत्रचार, निमन्त्रणा, प्रचार प्रसार, ब्याज, प्रमाणपत्र छपाई |
| मौलिक संकलन तथा सरसजावट विभाग | उद्घाटन गित, गितिक्यासेट, गतिविधि खाता, सरसजावट, |
| सम्पति तथा कोष–अभिवृद्धि विभाग | खरिद/बिक्री, आर्थिक संकलन, कोष ब्यावस्थापन |
| सुम्रिमा भान्सा तथा खानपान विभाग | खानपान तयारी, भान्से ब्यावस्थापन, किचन सरसफाई |
| सिक्रिमा बितरण तथा सेवासत्कार विभाग | खानपान सजावट, बितरण, , खानपान स्थल सरसफाई |
| बाल, महिला, प्रौढ तथा अतिथि विभाग | फेटा, गम्छा, खादा ब्यावस्थापन तथा अतिथि स्वगत |
| किरात धर्म संरक्षण तथा संस्कार विभाग | थान थपना, पुजा पार्थना, उद्घाटन सामाग्री ब्यावस्थापन |
| शिली संकलन तथा संस्कृति विभाग | भेसभुषा, गरहगहना, गाजाबाजा तथा कलाकार ब्यावस्थापन |
| फोहरमैला ब्यावस्थापन तथा सरसफाई विभाग | कार्यक्रम स्थल सरसफाई, फोहरमैला ब्यावस्थापन |
| पारुहाङ ढुवानी तथा ओसारपसार विभाग | सर-सामाग्री ढुवानी, भण्डार, भिआईपी ओसार पसार |
| यातायात, रोजगार तथा ब्यावसाय विभाग | यातायात सेवा ब्यावस्थापन, ब्यावसाय तथा रोजगार |
| आपतकालिन सहयोग तथा सुरक्षा विभाग | सहयोग, सुरक्षा, प्राथमिक उपचार, नियन्त्रण |

(समाप्त)

## भाषीक/भात्री नियमावली (६)

१६ मार्च १४ (अनुमोदन), १ अप्रिल २०१८ (संसोधन)

**परिच्छेद १**

### प्रस्तावना:

हङकङमा दर्ता भएका विभिन्न भाषिक तथा अन्य संघसंस्थाहरुलाई भाषिक वा भ्रातृ संस्थाको अनुबन्धन वा सम्बन्धन प्रदान गर्दै एक सुत्रमा बाँध्न आवश्यक देखिएकोले यो भाषिक/भ्रातृ संस्था नियमावली (६) निर्माण गरिएकोछ। यस नियमावलीमा परिवर्तन गर्न परे किरात राई यायोक्खा लगायत हालसम्म अनुबन्धनमा रहेका ८ भाषिक संस्थाको बहुमतले परिवर्तन गर्न सक्नेछ। यो नियमावली १६ मार्च २०१४ को अधिवेशनले पारित गरेपछि लागु हुनेछ।

### १. भाषीक संस्था

किरात राई यायोक्खा हङकङको कुनै एक उदेश्य वा धेरै उदेश्यसंग मेल खानेगरि एकै भाषा बोल्ने समुहद्वारा खोलिएको संस्थाले किराया हङकङसंग अनुबन्धन प्राप्त गरेपछि भाषिक संस्थाको मान्यता प्रदान हुनेछ। भाषिक संस्थालाई अनुबन्धन प्रदान गर्दा एक भाषिक समुहबाट एक संस्थालाई मात्र अनुबन्धन दिईने छ । भाषिक संस्थाको नाम किरात राई अन्तरगतका भाषीक समुदायलाई बुझाउने प्रकारको हुनुपर्ने छ र अनुबन्धन प्राप्तगर्ने भाषिक संस्थाको निम्न अनुसारको दायित्व रहेको हुनुपर्ने छ।

### २. दायित्व :

1. भाषिक संस्था स्वायत्तता तथा आत्मानिर्णयको अधिकार सहितको रहनेछ। तर भाषीक संस्थाको विधानमा वा अनुबन्धनपत्रमा वा कार्यक्रमको ब्यानरमा “किरात राई यायोक्खा हङकङप्रति उत्तरदायी रहनेछ” भनि लेखिएको हुनुपर्नेछ।
2. भाषीक संस्थाको बहालवाला अध्यक्ष किराया हङकङमा “पदेन उपाध्यक्ष” र किरात राई प्रज्ञा प्रतिष्ठान हङकङको प्रज्ञा सदस्य रहने छ। किराया हङकङको वहालवाला अध्यक्ष भाषिक संस्थाको संरक्षक पदमा रहने छ र भाषीक संस्थाले आयोजना गरेको कार्यक्रममा किराया हङकङ “प्रमुख अतिथि” रहनेछ।
3. किराया हङकङको विधान १९९८ को परिच्छेद (३) को ७ अनुसार अध्यक्ष हुन चाहिने योग्यतामा अनुबन्धित भाषिक संस्थाले समर्थन वा बिमर्थन जनाउन सक्नेछ ।
4. भाषिक संस्थाले आफ्नो १ प्रति संसोधित बिधान किराया हङकङकमा पठाउनु पर्नेछ। भाषीक संस्था बिधान अनुसार नचलेमा वा तोकिएको समयमा “अधिवेशन” नगराएमा किराया हङकङले भाषिक संस्थाको अनुबन्धनबाट खारेज गर्न सक्ने छ ।
5. किरात राईहरुको जातिय सम्बन्धमा खलल् नआवोस भनि किराया हङकङले आयोजना तथा प्रतिनिधित्व गरिरहेका सामुहिक संस्कृती साकेला शिलिलाई सर्वजनिक कार्यक्रममा भाषिक संस्थाले आफुखुसी नृत्यकार लगेर नाच्न पाईने छैन । नाच्न परे किराया हङकङको स्विकृती लिई तोकिएको ब्यानरमा नाच्न पर्नेछ ।
6. भाषीकसंस्थाले आर्थिक अभिवृद्धी सम्बन्धि कुनैपनि कार्यक्रममा स्वंयम गर्न सक्ने छ । तर किराया हङकङलाई सहयोग गर्ने वा किराया हङकङको कुनै पनि परियोजनालाई सहयोग गर्ने भनि ब्यानरमा उल्लेख गर्नेभए कम्तिमा ५० प्रतिशत मुनाफा किराया हङकङलाई बुझाउनु पर्नेछ ।
7. किरात राई यायोक्खा हङकङले आफ्नो ब्यानरमा सबै भन्दा तल अनुबन्धन प्राप्त भाषिक संस्थाको लोगो राख्नु पर्नेछ। भाषीक संस्थाले आवश्यक ठानेमा अनुबन्धन बिच्छेद गर्न सक्ने छ । तर लिखित कारण सहित जानकारी पठाउनु पर्नेछ।

**परिच्छेद २**

### १. भ्रातृ संस्था

किरात राई यायोक्खा हङकङको कुनै एक उदेश्य वा धेरै उदेश्यसंग मेल खानेगरि खोलिएको संस्थाले किरात राई यायोक्खा हङकङको भ्रातृ संस्थाको सम्बन्धन प्राप्त गर्न आवेदन गरेमा किराया हङकङको कार्यसमितिले भ्रातृ संस्था भनि सम्बन्धन प्रदान गर्न सक्ने छ । सम्वन्धन प्राप्तगर्ने निम्न अनुसारको सम्वन्धन प्रमाणपत्रमा दुवैतर्फको अध्यक्षले संस्थाको छाप सहित हस्ताक्षर गरेको हुनुपर्ने छ ।

### २. दायित्व :

1. भ्रातृसंस्थाको बहालवाला अध्यक्ष, किराया हङकङको कार्य समितिमा “भातृसंस्था प्रतिनिधि सदस्य” र किराया हङकङको सम्बन्धित बहालवाला बिभाग प्रमुख, भ्रातृसंस्थाको कार्य समितिमा “यायोक्खा प्रतिनिधि सदस्य” रहने छ । दुवैतर्फको कार्यसमितिको बैठकमा प्रतिनिधि सदस्यहरुको मताधिकार रहनेछ तर गणपुरक संख्यामा गणना गरिनेछैन ।
2. भ्रातृसंस्थाले आफ्नो १ प्रति संसोधित बिधान किराया हङकङकमा पठाउनु पर्नेछ र भ्रातृसंस्था उक्त बिधान अनुसार नचलेमा वा तोकिएको समयमा “अधिवेशन” नगराएमा किराया हङकङले भ्रातृसंस्था खारेज गर्न सक्ने छ ।
3. भातृसंस्थाले अधिवेशन गराउन नसकि वा अन्य कुनै कारणवस भातृसंस्था खारेजहुन पुगेमा भातृसंस्थाको सम्पुर्ण चल अचल जायजेथा किरात राई यायोक्खा हङकङको स्वमित्वमा स्वत जानेछ ।
4. भ्रातृसंस्थाको साधारणसभा वा अधिवेशनले अनुमोदन गरेको “कार्यप्रगती प्रतिवेदन र आर्थिक प्रतिवेदन”को प्रतिलिपि किराया हङकङलाई पठाउनु पर्नेछ ।
5. भ्रातृसंस्थाले आयोजना गरेको कार्यक्रममा किराया हङकङलाई “प्रमुख अतिति”आशन गराउनु पर्नेछ ।
6. भ्रातृसंस्थाले किरात राई यायोक्खा हङकङको हित विपरित कार्य गरेको ठहरभएमा, किराया हङकङले भातृसंस्थालाई खारेज गर्न सक्नेछ । तर सुनुवाई भने राख्न दिईनेछ ।
7. भ्रातृसंस्थाले बिबिध सामाजिक कृयाकलापहरु गर्न परेमा किराया हङकङमा अनुमोदन गराएर मात्र गर्नुपर्नेछ । सामाजिक कृयाकलापहरु किराया हङकङको उदेश्यसंग मेलखाने हुनुपर्नेछ ।
8. भ्रातृसंस्थाले आयोजना गरेको आर्थिक अभिवृद्धी सम्बन्धि कुनैपनि कार्यक्रममा दुवैतर्फ आम्दानी साझेदारी सम्वन्धमामा लिखित समझदारी गर्नुपर्नेछ अन्यथा ५० प्रतिशत खुद आम्दानी किराया हङकङलाई प्रदान गर्नुपर्नेछ ।
9. भ्रातृसंस्थाले गरेको कुनैपनि कार्यक्रमको ब्यानरमा सबैभन्दा माथि वा भ्रातृसंस्थाको नामको माथि सानो एकतिहाई अक्षरमा “किरात राई यायोक्खा हङकङ प्रति उत्तरदायी” भन्ने शब्द लेखिनु पर्नेछ ।

**प्रतिष्ठान नियमावली (७)**

६ मार्च २०१६ (अनुमोदन), १९ अप्रिल २०१७ (संसोधन)

**परिच्छेद १**

## १. प्रस्तावना

किरात राई यायोक्खा हङकङको समग्र उदेश्य पुरागर्न किराया हङकङको कार्यसमिति र बिभागले मात्र पर्याप्त नपुगि समस्त किरात राईहरुको ईतिहास, भाषा, लिपि, कला, साहित्य, धर्म, संस्कार, संस्कृतीको खोज, अनुसन्धान, संरक्षण, सम्बद्र्धन गर्न बौदिक क्षेत्रका किरात राईहरु, किराती बिज्ञ, खोजकर्ता, आन्वेशक, मुन्धुमी, ईतिहासकार, कलाकार, साहित्यकार, चित्रकार, बैज्ञानिक, बिधावरिधी राईहरुलाई एक ठाउँमा ल्याई उनिहरुलाई किराया हङकङको बिशिष्ठ प्राज्ञिक ओहोदा प्रदान गरि गराई सम्मान पुर्वक किरात राई हुनको प्रतिष्ठा अनुभुती गराउदै किराया हङकङको उदेश्य प्राप्त गर्न कार्य गराउन किराया हङकङको मातहातमा रहने गरि एक प्रतिष्ठानको निर्माण आवश्यक देखिएकोले किराया हङकङको बिधानको परिच्छेद (९) को धारा १ अनुसार प्रतिष्ठान नियमावली निर्माण गरि जारी गरिएको छ।

## २. उदेश्यहरु

1. बिज्ञ, खोजकर्ता, आन्वेशक, मुन्धुमी, भाषाबिद, सांस्कृतीविद, ईतिहासकार, कलाकार, साहित्यकार, बैज्ञानिक, बिधावरिधी राईहरुलाई एक ठाउँमा ल्याउनु ।
2. किरात राईहरुको ईतिहास, भाषा, लिपी, कला, साहित्य, धर्म, संस्कृती, संस्कार सम्बन्धि खोज, संकलन, आन्वेशन, अध्यन, अध्यापन गर्नु ।
3. किरात राईहरुको मुन्धुम संकलन, खोज, अनुसन्धान तथा लेखन गर्न सहयोग पुर्‍याउनु ।
4. किरात राईहरुको समग्र बिकाशहुने निति, नियम, बिनियम, योजना, परियोजनाको निर्माण गरि किराया हङकङलाई सहयोग गर्नु ।
5. किरात राईहरुको मौलिक भेषभुषा, गरहना, मौलिक खानपान बनाउन, बजारिकरण गर्न, मौलिक गित, संगित, नृत्य, खेलकुदको अध्यन गर्न, सिकाउन, प्रचार प्रसार गर्नु।
6. गरिब तथा जेहेन्दार बिध्यार्थिलाई किरात राईबारे अध्ययन, अध्यापन, पठन, पाठन, खोज, अनुसन्धान गर्न स्कलरशिपको स्थापना गर्नु।
7. किराया बिभागहरुलाई आवश्यक परेको संयोजकहरु, बिशेषज्ञहरु, प्राज्ञिकहरु, उपलब्ध गराउदै किराया हङकङलाई टेवा पुर्याउनु।

## ३. प्रतिष्ठानको नाम

1. यस प्रतिष्ठानको नाम "किरात राई प्रज्ञा प्रतिष्ठान हङकङ" रहने छ।
2. अंग्रेजीमा (Kirar Rai Intellectual Academy Hong Kong) रहने छ।
3. संक्षिप्तमा (KRIAHK) रहने छ।

## परिभाषा:

बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस नियमावलीमा,

1. "प्राज्ञ" भन्नाले किराया हङकङले प्रदान गरेका प्राज्ञलाई बुझाउनेछ।
2. "प्रज्ञा सदस्य" भन्नाले किरात राई प्रज्ञा प्रतिष्ठानको कार्यसमिति सदस्यलाई बुझाउनेछ।
3. "विधान " भन्नाले किराया हङकङको विधान (संसोधन सहित) लाई बुझाउनेछ।

## ४. प्रतिष्ठान खारेज :

यस प्रतिष्ठान बिधान अनुसार नचलेमा किराया हङकङले खारेज गर्न सक्ने छ ।

## ५. नियम तथा बिनियम

प्रतिष्ठानले किराया हङकङको बिधानसंग नबाझिनेगरि नियम तथा बिनियम बनाई लागु गर्न सक्नेछ। यसको नियम तथा बिनियम बनाउँदा किराया हङकङको बिधानसंग बाझिन गएमा नियम तथा बि नियम को सो धारा स्वत खारेज हुनेछ। नियम तथा बिनियम साधारण सभा वा अधिवेशनले परिवर्तन गर्न सक्नेछ।

## ६. कार्यलय, छाप र चिन्ह

यसको कार्यलय किरात राई यायोक्खा हङकङको सुप्तुलुङ खिममा रहने छ । छाप र चिन्ह अनुसुचिमा दिए अनुसार हुनेछ ।

**परिच्छेद २**

## १. प्राज्ञ

प्रतिष्ठानको सिफारिसमा किरात राई यायोक्खा हङकङले निम्न ब्यक्तिहरुलाई निम्न योग्यताको आधारमा प्राज्ञ भनि प्रमाणपत्र प्रदान गर्नेछ। प्राज्ञको प्रमाणपत्र खारेजी किराया हङकङको बिधानको परिच्छेद (२) धारा ४ अनुसार हुनेछ।

1. किरात राईहरुको मौलिक धर्म, संस्कार मान्ने ब्यक्ति भै,

2. कुनै क्षेत्रमामा बिधावरिधी प्राप्त किरात राई ब्याक्ति, वा
3. कुनै क्षेत्रमा बिशिष्टता हाँसील गरेको हो भनि किरायाबाट प्रमाणित ब्याक्ति, वा
4. किरात राई यायोक्खा हङकङको कार्य समितिमा १ कार्यकाल पुरा गरसिकेको ब्याक्ति, वा
5. किराया हङकङको कुनै एक विभागमा विभाग संयोजक रहि १ कार्यकाल पुरा गरसिकेको ब्याक्ति

## २. कार्यसमिति

किराया हङकङले अधिवेशन सके पश्चात कम्तिमा १ महिना भित्र प्राज्ञहरु भेलागराई प्रतिष्ठानको कार्यसमिति चयन गर्नेछ।

1. कुलपति – १
2. उपकुलपति – १
3. ~~महासचिव~~ प्रज्ञा सचिव – १
4. प्रज्ञा सहसचिव – १
5. ~~महाप्रबन्धक~~ प्रज्ञा प्रवन्धक – १
6. प्रज्ञा सदस्य – (४ जना कार्यसमितिले कार्यक्षेत्र हेरि नियुक्त गर्नेछ) ~~५ जना भाषिक संस्था नभएकाहरुबाट~~
7. प्रज्ञा सदस्य – भाषिक संस्थाका बहालवाला अध्यक्षहरु, विभाग संयोजकहरु
8. पदेन संरक्षक – किराया हङकङका अध्यक्ष

## ३. कार्यसमिति बिघटन

प्रज्ञा प्रष्ठिानको कार्यसमिति किराया हङकङको अधिवेशन पश्चात स्वत बिघटन हुनेछ।

## ४. कार्य समिति फेरबदल

प्रज्ञा प्रष्ठिानको कार्यसमिति प्रज्ञा प्रतिष्ठानको बैठकले फेरबदल गर्न सक्ने छ। तर किराया हङकङमा अनुमोदन गराउनु पर्ने छ।

**परिच्छेद ३**

## काम, कर्तब्य र अधिकारहरु

## १. कुलपति :

किरात राईहरुबारे जानिफकार, सक्षम, अनुभवी वा बिधावरिधी प्राप्त एक किरात राई प्राज्ञिक सदस्य प्रतिष्ठानमा कुलपति रहनेछ। कुलपति प्रतिष्ठानका कार्यकारिणि प्रमुख रहने छ।

### क. कुलपति हुन योग्यता :

1. किराया हङकङको बिधान मान्न तयार ब्यक्ति भै,
2. किरात राईहरुको मुन्धुम सम्बन्धमा थोरै भएपनि जानकार ब्यक्ति वा,
3. किराया हङकङको वा भाषिक संस्थाको कम्तिमा पाँचौ पदिय हैसियतसम्म कार्य गरेको वा,
4. आर्थिक तथा फौजदारी अभियोग नलागेको ब्यक्ति वा,
5. कम्तिमा स्नातक तहसम्म अध्यन गरेको ब्यक्ति वा,
6. किरात राईहरुको मौलिक धर्म संस्कार संस्कृती मान्ने ब्यक्ति वा,
7. कम्तिमा उपरोक्त कुनै ३ गुण भएको ब्यक्ति ।

### ख. कुलपतिको काम, कर्तब्य र अधिकार :

1. किरात राईहरुको एकताको प्रर्वद्धन गर्नु।
2. किराया हङकङको विधानको पालन र संरक्षण गर्नु।
3. किराया हङकङको आन्तरिक लेखापरिक्षण गर्नु।
4. किराया संचालक समितिलाई अफिसियल कागजातहरु बनाउन सहयोग पुर्याउनु।
5. किराया कार्य समितिलाई विभाग संयोजक, विशेषज्ञ, जानिफकारहरु नियुक्त गरिदिनु।
6. प्रतिष्ठान चलाउन सहयोगदाताहरु, दातृ संस्था, दातृ राष्ट्रहरुको खोजगरि सहयोग जुटाउनु।
7. उदेश्य प्राप्तीको निमित्त अल्पकालिन वा दिर्घकालिन परियोजनाहरु ल्याउनु।

## २. उपकुलपति

कुलपतिको जस्तै योग्यता भएको किरात राईहरुबाट एक उपकुलपति चयन हुनेछ । उपकुलपति प्रतिष्ठानका कार्यकारिणि उपप्रमुख रहने छ ।

### क. उपकुलपति हुन योग्यता :

कुलपतिको जस्तै योग्यता भएको हुनु पर्नेछ ।

### ख. उपकुलपतिको काम, कर्तब्य र अधिकार :

1. कुलपति नभएको अवस्थामा कुलपतिले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।
2. कुलपतिले दिएको जिम्मेवारहरु पुरा गर्ने ।

### ३. प्रज्ञा सचिवको काम, कर्तव्य र अधिकार :

1. कुलपतिसंग सल्लाह गरी कार्यसमितिको बैठक बोलाउने ।
2. कार्यसमितिको बैठक तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।
3. छलफल गर्नपर्ने विषयहरु कुलपतिसंग सल्लाह गरी बैठकमा प्रस्तुत गर्ने ।
4. कार्यसमितिको बैठकमा भएका निर्णयहरुको अभिलेख राख्ने ।
5. प्रतिष्ठानको कार्यालयमा रहेका महत्वपूर्ण कागजातहरुको अभिलेख राख्ने ।
6. कार्यसमितिले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

### क. प्रज्ञा सहसचिव हुन योग्यता :

प्रज्ञा सचिवको जस्तै योग्यता भएको हुनु पर्नेछ ।

### ख. प्रज्ञा सहसचिवको काम, कर्तब्य र अधिकार :

1. प्रज्ञा सचिव नभएको अवस्थामा प्रज्ञा सचिवले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।
2. प्रज्ञा सचिवले दिएको जिम्मेवारहरु पुरा गर्ने ।

### ४. प्रज्ञा प्रबन्धकको काम, कर्तव्य र अधिकार :

1. प्रतिष्ठानलाई आवश्यक पर्ने आयमुलक कार्यक्रम संचालन गर्नु ।
2. प्रतिष्ठानको कोष संचालन गर्नु,
3. कर्मचारी ब्यावस्थापन गर्नु
4. कर्मचारीको तलब, सुबीधा, बन्देज आदि मिलाउनु ।

### क. प्रज्ञा सहप्रबन्धक हुन योग्यता :

प्रज्ञा प्रबन्धकको जस्तै योग्यता भएको हुनु पर्नेछ ।

### ५. प्रज्ञा सदस्यहरुको काम, कर्तब्य र अधिकार

1. बैठकमा सहभागी हुने ।
2. प्रस्ताव उपर छलफलगरि मत प्रदान गर्ने ।
3. अन्य प्रतिष्ठानले दिएको जिम्मेवारी पुरा गर्ने ।

**परिच्छेद ४**

### १. प्रतिष्ठान कोष :

बिभिन्न कार्यक्रमबाट प्राप्त रकम प्रतिष्ठान संचालन कोषमा रहने छ । यसको हरहिसाव किराया हङकङलाई बुझाउनुपर्नेछ ।

### २. कोष संचालन :

कुलपति, प्रज्ञासचिव र महाप्रबन्धक मध्ये कुनै २ जनाको संयुक्त हस्ताक्षरबाट संचालन हुने छ।

**परिच्छेद ५**

### १. उत्तरदायित्व :

यो प्रतिष्ठान “किरात राई यायोक्खा हङकङप्रति उत्तरदायी रहनेछ” ।

(समाप्त)

**सामूहिक चुला नियमावली (८)**

१६ मार्च २०१६ (अनुमोदन), २७ जुन २०२१ (संसोधन मस्यौदा)

## किरात राईहरुः

किरात जाती भित्र पर्ने किरात राईहरु मूल रूपमा पूर्वी नेपालको पहाडी जिल्लाहरूमा छरिएर बसोबास गरेका छन। किरात राईहरू हाल आएर नेपालका पूर्वी तराईका जिल्लाहरू खासगरी झापा, मोरङ, सुनसरी, उदयपुर तथा काठमाण्डौ उपत्यकामा समेत बसोबास गर्दछन्। वैदेशिक रोजगारीका क्रममा खास गरेर ब्रिटिस सेनामा कार्यरत किरात राई जातिका कतिपय मानिसहरू बेलायत, हङकङ, बुरनाई तथा अमेरिकामा समेत बसोबास गर्न थालेका छन्। यसका साथै छिमेकी राष्ट्र भारतका सिक्किम, पश्चिम बंगाल, अरुणाचल, उत्तर प्रदेश तथा भुटानमा समेत किरात राईहरूको बसोबास पाइन्छ।

किरात राई जातिभित्र विभिन्न थर तथा उपथर (पाछाहरू) रहेका छन्। किरात राई जातिमा जातका रूपमा राई र थरका रूपमा तिलुङ, नाछिरिङ, चाम्लिङ, साम्पाङ, पुमा, कोयी/कोयु, खालिङ, बाम्बुले, बायुङ/बाहिङ, दुमी, बान्तावा, थुलुङ, कुलुङ, लोहरुङ, बुङलवा, जेरुङ, छिन्ताङ, छिलिङ, फाङदुवाली, मेवाहाङ, पोहिङ, बेलहारे, याम्फु, मुगाली, आठपहरिया, दुङमाली, सोताङ, लिङखिम जस्ता विभिन्न थरहरू रहेका छन् भने यी थरभित्र पनि आ–आफ्नै पाछा रहेका हुन्छन्। जस्तै, साम्पाङ थरभित्र भालु, बाली, राना, हिराङ आदि। त्यसैगरी, बान्तवाभित्र माङपाङ, मुकारुङ, छाङछा, इसारा आदि अनेकौं पाछाहरू रहेका छन्। यसरी किरात राई जातिको थरअनुसारको आ–आफ्नै भाषा समेत छ।

## किरात राईहरुको बिशेषताः

1. कुनै युगको सभ्यता वा राज्य वा कैलाश पर्वतको काखमा बसोबास गर्ने सोझा र ईमान्दार जाती।
2. यलम्बर हाङको सन्तान इ.पू. १८७९ तिर नेपालमा ३२ पुस्ता सम्म किरात वंशको नामले राज्य गर्ने जाती।
3. सुम्निमा र पारुहाङलाई यस पृथ्वी, ब्रहमाण्ड, चराचर जगतको मुल श्रृष्टीकर्ताको रुपमा मान्ने जाती।
4. आफुलाई जन्म दिने पुर्वजहरुनै मानव प्राणीको श्रृष्टीकर्ता सम्झि पुर्वजहरुलाई आराधना गर्ने जाती।
5. प्रकृती मै बाँचेका छौं, प्रकृती बिना मानव जिवन सम्भव छैन भनि प्रकृतीको पुजा गर्ने जाती।
6. सुकर्म गरे स्वभाविक मृत्यु हुने, कुकर्म गरे अस्वभाविक मृत्यु हुने भनि मान्ने जाती।
7. आफ्नै धर्म, संस्कार, संस्कृती, नियम, कानुन, आचरण भएको किरात जाती।

परिच्छेद २

## धारा १, प्रस्तावनाः

विश्वभरि छरिएर बसेका किरात राईहरु नेपालबाट नै गएका हुन। उत्पति थलोबाट छुट्टिएर जाँदा आफ्नो धर्म, संस्कार, संस्कृति पनि लिएर गईएको हुन्छ। विदेशमा जाँदा होस वा जिवनलाई शुखमय बनाउन शहरतिर बसाँई सर्दा होस जहाँ आफ्नो धर्म, संस्कार संस्कृती पाईन्दैन। तर मर्दापर्दा धार्मिक समाजको आवश्यक्ता पर्ने भएकोले जुन धर्म त्याहाँ अधिक छ तेतै तिर जान बाध्यता परिन्छ। अझ किरात राईहरु पितृहरुको पुजा चुलामा गर्ने संस्कार छ। चुला जमिनमा गाडिएको घरको मुलकोठामा रहेको हुन्छ। बिदेशमा र शहरीकरण भएको ठाँउमा अफ्नो घर नभएको, चुला नभएकोले किरात राईहरुले आफ्नो धर्म, संस्कार संस्कृती गर्न पाउँदैनर अन्य धर्ममा प्रवेश गर्न बाध्यता छ।

हङकङमा धेरै किरात राईहरु भाडाको घरमा बसेका छन। कतिले अपार्टमेन्ट खरिद गरि बसेका छन। भाडाको घर र अपार्टमेन्टमा चुला राख्न सकिन्दैन। चुला किरात राईहरुको देवस्थलहो जहाँ किरात राईहरुको वंशज (पितापुर्खाहरु) रहेको हुन्छ। किरात राईहरुले पितापुर्खाहरु र प्रकृतिको पुजा गर्दछन। चुलामा पुजा पार्थना गर्दछन। चुला पुज्न छाडियो भने किरात राईहरुको धर्म, संस्कार, संस्कृती मरेर जानेछ। किरात राईहरुको अर्को पुस्ताले किरात राईहरुको संस्कार भुलेर जानेछन। संस्कार संस्कृती मरेर गयो भने पहिचान मरेर जानेछ। यसको विकल्प किरात राईहरुले शहरिकरण भएको ठाँउमा जहाँ आफ्नो घरमा चुला छैन त्यस ठाँउमा समुह मिलेर सामूहिक चुलाको स्थापना गरेर किरात राईहरुको धर्म, संस्कार, संस्कृतिको जर्गेना गर्न र किरात राईहरुको पहिचानलाई पुस्ता हस्तान्तरण गर्दै लान आवश्यक्ता भएकोले सामुहिक चुलाको अवधारणा ल्याई त्यसलाई विवाद रहित रुपमा चलाउन सामुहिक चुला हङकङको नियमावली (८) लेखन गरिएको छ।

यो नियमावली किराया हङकङ लगायत कम्तिमा ७ वटा भाषिक संस्थाहरुले अनुमोदन गरेपछि लागु हुनेछ।

## धारा २, परिभाषाः

1. “संस्था” भन्नाले किरात राई यायोक्खा हङकङलाई बुझाउनेछ।
2. “नियमावली” भन्नाले सामुहिक चुला हङकङको नियमावली (८) (संसोधन सहित) लाई बुझाउनेछ।
3. “विभाग” भन्नाले किरात राई यायोक्खा हङकङको विभागहरुलाई बुझाउनेछ।
4. “किरात राई” भन्नाले आदिमकालदेखि नेपालमा र समस्त हिमालय श्रृखंलामा बसोबास गरि आएका जाती, हाल हङकङमा आई अस्थाई वा स्थाई रुपमा बसोबास गरिरहेका, “किरात धर्म” लाई निरन्तर रुपमा पालन गरि आएका आदिवासी भूमीपुत्रहरुलाई बुझाउनेछ।

## धारा ३, उदेश्यः

1. ब्यक्तिगत चुला नहुनेहरुलाई पुजा पार्थना, संस्कार गर्न।
2. किरात राईहरुको धर्म–संस्कार, संस्कृति बचाउन।
3. कूबीमीहरुको संरक्षण गर्न तथा नया कूबीमीहरु निकाल्न।
4. मुन्धुमको खोज, अनुसन्धान प्रयोग तथा संरक्षण गर्न।
5. नया पुस्तालाई धर्म, संस्कार, संस्कृति सिकाउन।
6. किरात धर्मको अध्यन, अध्यापन, अनुसन्धान गर्न।
7. किरात राईहरुलाई आफ्नो धर्ममा आकर्षण गर्न।

परिच्छेद ३

## धारा १, सामूहिक चुला संचालन:

1. सुप्तुलुङखिमको एक कोठामा नेपालबाट किरातेश्वर बुढानिलकण्ठमा चढाएको फुलपाती र किरातहरुको धार्मीक स्थल हात्तिबनको माटो ल्याई सामुहिक चुला स्थापना गरिनेछ।
2. सामुहिक चुलाको संचालन किरात राई यायोक्खा हङकङको विभाग "किरात धर्म संरक्षण तथा संस्कार विभाग" को संयोजन समितिले गर्नेछ। संयोजन समितिको चयन विभाग नियमावली (५) अनुसार हुनेछ।

## धारा २, सामूहिक चुला स्वतन्त्रता तथा बन्देजहरु:

1. सामूहिक चुलामा पुजापाठ, पार्थना तथा कुनैपनि संस्कार गर्दा किराया हङकङले नियुक्त गरेको कुबीमीहरुले गर्नेछ। तर यदि कसैले आफ्नै वंशको कूबीमी ल्याई पुजा गर्छु भनेमा स्विकार्य हुनेछ।
2. सामूहिक चुला पुज्न आँउदा मौलिकतामै असर पर्ने गरि पितृपुजक किरातीहरुको पुर्वज पितृहरुलाई नपुजि, धार्मिक गुरुहरुको तस्विर राखि, वा धार्मीक गुरु ल्याएर, भजन कृतन गरि, नयाँ बिधि बिधानमा चुला चुला पुज्न पाईने छैन।
3. सामुहिक चुला पुज्दा मासुमंस वा फलफुल जे चलाए पनि स्वेच्छामा भर पर्नेछ। कसैले मासुमंस वा फलफुल जे चलाए पनि एकले अर्कालाई विरोध गर्न पाईने छैन।
4. कुनैपनि किरात राईहरुको छोरा वा छोरीले किराती बाहेक अन्य जातिसंग बिहे गरेमा बुहारी वा जुँवाईलाई सामुहिक चुलामा शरण पर्न (पस्न) स्वतन्त्रता दिईने छ। सामुहिक चुलामा शरण गराउने भए विधी अनुसारको रीत पुराइ कम्तिमा ७ भाषिक संस्था भेला गराई चुलामा शरण गराउन सक्नेछ। नोटः ब्यक्तिगत चुलामा यो नियम लागु हुने छैन।
5. कुनै पनि जातीका मानिसहरु जो हङकङमा राई भएर आएका छन, उस्ले अब देखि म किरात धर्म मान्छु, राई जातीमा प्रवेश गर्छु भनेमा कम्तिमा ७ भाषिक संस्था जम्मा भई रातो अचना चिसो छपना गरि, दाल ढिडो चलाएर नया पाछा दिई चुला ग्रहण गराई राई जातीमा प्रवेश गराउन सक्नेछ।
6. आफ्नै दाजुभाईहरु समेत खाँदै बस्दै खेल्दै जाँदा बाटो बिराएर अर्को धर्ममा गएपनि जिउँदै रहँदा फेरी फर्कि आएर मैले बाटो बिराए छु, हे दाजुभाईहरु हो, म कुलमा फर्कन चाहान्छु, मलाई माफ गरिदिनुहोस भनेमा चोखो नितो गराई दाजुभाईहरुले चुला ग्रहण गराउन सक्नेछ।
7. सामूहिक चुला पुज्न आउने जोसुकै किरातीहरुले पुजापाठ, पार्थना तथा संस्कारहरु गर्दा यस नियमावलीले निर्देशित गरेको वा यस नियमावलीमा निर्देशित भएको छैन भने किराया हङकङको प्रमुख कूबीमीले निर्देशित गरेका बिधि विधानमा चुला पुज्न पर्नेछ।

## धारा ३, पितृकक्ष (सुँवाछेम):

पितृपुजक किरात राईहरुको घरमा चुलाको ठिक माथि भार हुन्छ। भार भन्दा माथि भित्तापट्टि पितृकक्ष राखेको हुन्छ। पितृकक्षलाई कसैले सुँवाछेम, कसैले मछेम, कसैले मछामा भन्दछ। भाषिक राई अनुसार फरक नामले पुकारिन्छ। पितृकक्षमा एक धनुकाँड, केराको पात, सेउली, सयपत्री फुल, चामल, अदुवा, पैसा र कूबीमी बस्ने एउटा पिर्का राखेको हुन्छ। सूवाँछ्यामलाई बर्षको एकदिन पितृपुजाको दिन सफा गरि सूवाँ हान्ने (पितृपुजा) गर्ने कार्य गरिन्छ। सूवाँछ्याममा स्वभाविक मृत्यु भएर गएका पिता पुर्खाहरुको आत्मा रहेकोहुन्छ भनि बिश्वास गरिन्छ।

## धारा ४, सामूहिक पितृकक्ष (सामूहिक सुँवाछेम):

पितृपुजक किरात राईहरुको मुन्धुम अनुसार एउटा पितृकक्षमा एक वंशको मात्र पितृहरु राखिन्छ। सामूहिक चुला स्थापना गरेपछि सबैको पितृहरु राख्नुपर्ने भएकोले सामुहिक पितृकक्षको धारणा ल्याईएकोछ। सामुहिक पितृकक्ष निर्माण गर्दा छुट्टा छुट्टै सामुहिक पितृ, थरगत पितृ, पाछागत पितृ र दुईवटा प्रतिस्थापन पितृकक्ष निर्माण गरिएकोछ।

## धारा ५, सामुहिक पितृकक्ष चित्रमा:

| | | |
|---|---|---|
| तिलुङ | नाछिरिङ | चाम्लिङ |
| साम्पाङ | नेवाहाङ/मेवाहाङ | बाम्बुले |
| पुमा | बायुङ/बाहिङ | दुमी |
| बान्तावा | कोयी/कोयु | थुलुङ |
| बुङलवा | आठपहरिया | छिन्ताङ |
| छिलिङ | फाङदुवाली | सोताङ |
| बेलहारे | मुगाली | खालिङ |
| दुङमाली | लिङखिम | याम्फु |
| कुलुङ | लोहरुङ | पोहिङ |
| | जेरुङ | |
| प्रतिस्थापन पितृकक्ष | सामुहिक पितृकक्ष | प्रतिस्थापन पितृकक्ष |
| | प्राचिन हातहतियार संग्रह | |

### क. सामुहिक पितृकक्ष

पितृकक्षको बिच भागमा सामूहिक पितृकक्ष निर्माण गरिनेछ। जस्मा सामूहिक पितृहरु रहने छन।
१) सुम्निमा/पारुहाङ, २) हँछा, ३) किरातुईवा,) साल्पा, ४) हर्कबुङ, ५) राई, ६) पतिसुङ, ७) लारिहा, ८) लारिहाप्पा, ९) नागेलुङमे, १०) नारिता, ११) यारिता, १२) नागरिता, १३) पातेसुङ, १४) तयमा खियमा, खक्चीलुप्पा/हेचाकुप्पा/रैछाकुले।

### ख. थरगत पितृकक्ष

पितृकक्षको सबै भन्दा माथि सबै २८ भाषि राईहरुको छुट्टाछुट्टै थरगत पितृकक्ष निर्माण गरिनेछ।जस्मा थरगत पितृहरु रहने छन।
१) चाम्लिङ राई २) दुमी राई ३) साम्पाङ राई ४) बान्तावा राई ५) पुमा राई ६) थुलुङ राई ७) कोयी/कोयु राई ८) बायुङ/बाहिङ राई ९) बाम्बुले राई १०) तिलुङ राई ११) नाछिरिङ राई १२) खालिङ राई १३) कुलुङ राई १४) लोहरुङ राई १५) बुङलावा राई १६) जेरुङ राई १७) छिन्ताङ राई १८) छिलिङ राई १९) फाङदुवाली राई २०) नेवाहाङ/मेवाहाङ राई २१) पोहिङ राई २२) बेलहारे राई २३) याम्फु राई २४) मुगाली राई २५) आठपहरिया राई २६) दुङमाली राई २७) सोताङ राई २८) लिङखिम राईका पुर्खाहरु।

### ग. प्रतिस्थापन पितृकक्ष

सामूहिक पितृकक्षको दाँया र बाँया पट्टि एकएक वटा प्रतिस्थापन पितृकक्ष निर्माण गरिनेछ। कुबिमिहरुले मुन्धुम बाचन गरि प्रतिस्थापन पितृकक्षलाई क्षणिक समयको लागि पितृपुजा गरिन्जेल सम्म पाछागत पितृकक्षमा परिवर्तन गरिदिने छ। तत्पश्चात जस्को पाछागत पितृ पुज्न पर्ने हो उस्को पितृहरुको नामावली प्रतिस्थापन प्रतिस्थापन पितृकक्षमा राखि पुजा गरिनेछ।

## धारा ६, सामूहिक चुलामा पितृ पुज्ने विधीः

1. सामूहिक पितृ पुज्दा कुबिमिले सबै भन्दा पहिले सामूहिक पितृहरुलाई पुकार्नु पर्नेछ।
2. तत्पश्चात भाषिक पितृहरुलाई पुकार्नु पर्नेछ।
3. अन्तमा प्रतिस्थापन पितृकक्षमा जस्को पितृ पुज्न पर्ने हो उस्को पितृहरु प्रतिस्थापन गरि पुज्न पर्नेछ।

## धारा ७, बागदत्त दिँदा वा बुहारी अन्माउदाः

सामूहिक चुलाबाट छोरी निकाली जुवाँईको सामेमा लगाउने भए यहि २ वटा प्रतिस्थापन पितृकक्षमा एउटामा छोरीको सामेको पितृहरु र अर्को प्रतिस्थापन पितृकक्षमा जुवाँईको सामेको पितृहरु राखि यो सामे देखि त्यो सामेमा गएको भनि बागदत्त दिईने छ।

तेस्तै सामूहिक चुलामा बुहारी अन्माउदा एउटामा छोराको सामेको पितृहरु र अर्कोमा बुहारीको सामेको पितृहरु राखि त्यो सामे देखि यो सामेमा आएको भनि बखानी अन्माईने छ।

### उपसङ्हारः

जुनसुकै किरात राईहरुलाई सामुहिक चुलामा पितृ पुज्ने वा नपुज्ने स्वेछिक रहने छ। यधपि सामूहिक चुलाको स्थापना गरिसकेको भएकोले घरमा चुला नहुनेहरुले सामुहिक चुलामा पितृ पुजौं भन्ने अनुरोध रहनेछ। सामुहिक पितृकक्षमा कुबिमिले पितृहरुसंग माफि माग्दै, पितृहरुलाई परिस्थितिको जानकारी गराउदै, संस्कार र विधिलाई परिवर्तन नगरी, पितृहरुलाई स्मरण गर्दै, आर्शिबाद माग्दा पितृहरु खुशिनै हुनुहुन्छ। पितृ पुज्दा सामूहिक चुला प्रयोग नगरे पनि उधौली लागे पश्चात चुला नभएकाहरुले घरमै बंशावली राखि ३ वटा बत्ति बालेर (चुला सम्झी), पितृहरुलाई स्मरण गरि आशिर्बाद लिने संस्कारको विकाश गरौं, हामी पितृ र प्रकृती पुजक किराती हौं भनि आफ्नो सन्ततिलाई सिकाऔं।

(समाप्त)

# CALENDAR

**For the year 21-22**

| Date | Program |
|---|---|
| 04/04/21, Sun | बैठक : सांगितिक साँझ / खेलकुद तयारी |
| 18/04/21, Sun | कार्यक्रम : पदस्थापन / विभाग प्रशिक्षण |
| 16/05/21, Sun | बैठक : चुलापुजा / साकेला उभौली तयारी |
| 26/05/21, Wed | कार्यक्रम : चुलापुजा |
| 30/05/21, Sun | कार्यक्रम : साकेला उभौली |
| 27/06/21, Sun | ११औं अधिवेशन |
| 04/07/21, Sun | बैठक : बुझबुझारथ तथा साउनेसंक्रान्ति तयारी बैठक |
| 18/07/21, Sun | कार्यक्रम : बुझबुझारथ तथा साउनेसंक्रान्ति |
| 08/07/21, Sun | बैठक : खेलकुद प्रतियोगिता तयारी (अन्तिम बैठक) |
| 22/08/21, Sun | कार्यक्रम : खेलकुद प्रतियोगिता |
| 15/08/21, Sun | बैठक : चाम्लिङ खाम्बातिम |
| 12/09/21, Sun | कार्यक्रम : तयमा खियमा दिवस – चाम्लिङ खाम्बातिम |
| 29/08/21, Sun | बैठक : साम्पाङ जुम्लेखा |
| 26/09/21, Sun | कार्यक्रम : न्वगी पुजा – साम्पाङ जुम्लेखा |
| 26/09/21, Sun | बैठक : सांगितिक साँझ तयारी अन्तिम बैठक |
| 10/10/21, Sun | कार्यक्रम : सांगितिक साँझ / आर्थिक कार्यक्रम |
| 24/10/21, Sun | संयुक्त बैठक : देउसे भैलो तयारी (स्मारिका प्रकाशन तयारी) |
| 07/11/21, Sun | कार्यक्रम : देउसे भैलो |
| 19/12/21, Sun | बैठक : किराया हङकङ |
| 19/12/21, Sun | कार्यक्रम : चुलापुजा |
| 26/12/21, Sun | कार्यक्रम : साकेला उधौली / स्मारिका प्रकाशन |
| 02/01/22, Sun | संयुक्त बैठक : येलेदुङ / अन्तरक्रिया तयारी |
| 16/01/22, Sun | कार्यक्रम : येलेदुङ / माघेसंक्रान्ति / किराया दिवस |
| 06/02/22, Sun | बैठक : प्रज्ञा प्रतिष्ठान |
| 20/02/22, Sun | कार्यक्रम : अन्तरक्रिया/सेमिनार/वर्कशप – प्रज्ञा प्रतिष्ठान |
| 06/03/22, Sun | बैठक : साधारणसभा तयारी / अधिवेशन तयारी |
| 20/03/22, Sun | बैठक : कार्य समितिबाट प्रतिवेदन अनुमोदन |
| 27/03/22, Sun | कार्यक्रम : साधारणसभा / अधिवेशन |